मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

• वर्ष ४ • अंक ६२ • २०८२ साल माघ ०२ गते शुक्रबार • Friday 16, January 2026 • सूर्योदय: बिहान ०६:५६ बजे • सूर्यास्त: साँझ ५:३४ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## पूर्व आईजिपी खनाल निरन्तर जनसम्पर्कमा

**राहुल गुप्ता**
**परवानीपुर ।**

पूर्व प्रहरी महानिरीक्षक (आईजिपी) तथा समुन्नत नेपाल पार्टीका सभापति सर्वेन्द्र खनाल पछिल्लो समय जनतामाझ प्रत्यक्ष संवाद गर्दै निरन्तर जनसम्पर्कमा सक्रिय देखिएका छन् ।

सोही क्रममा उनी हाल बारा जिल्लाको परवानीपुर गाउँपालिकाका विभिन्न वडाहरूमा पुगेर भेटघाट तथा छलफल कार्यक्रम सञ्चालन गरिरहेका छन् ।

स्थानीयसँगको अन्तरक्रियामा सभापति खनालले सुशासन, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना र समग्र विकास पार्टीको प्रमुख एजेन्डा रहेको बताए । उनले जनताको वास्तविक समस्या बुझेर त्यसको समाधानमा राजनीति केन्द्रित हुनुपर्ने धारणा राखे । स्थानीयले शिक्षा, स्वास्थ्य, कृषि, सिँचाइ र रोजगारीका विषयमा गुनासो तथा सुझाव राखेका थिए ।

सभापति खनालले ती आवाजलाई नीति निर्माणसम्म पुऱ्याउने प्रतिबद्धता जनाउँदै जनआधारित राजनीतिको माध्यमबाट वैकल्पिक शक्तिका रूपमा पार्टीलाई स्थापित गर्ने लक्ष्य रहेको उल्लेख गरे ।

# नेपाली कांग्रेसः गगन थापा पक्षधरको फास्ट ट्रयाक मुभ, संस्थापन अलमलमै



माघ ६ गते उम्मेदवारी मनोनयन छ । त्यसैले भोलि या ढिलोमा पर्सिसम्म अद्यावधिकको काम टुङ्गिन्छ भन्ने विश्वास छ । विशेष महाधिवेशनबाट कार्यविधि पारित भइसकेपछि शेरबहादुर देउवा नेतृत्वको कार्यसमिति भंग भएको कुरा निर्वाचन आयोगलाई पहिल्यै जानकारी गराइसकेका थियौँ ।

–गगन थापा,
सभापति, नेपाली कांग्रेस



नेपाली कांग्रेस पार्टी फुटेको नभई विधानअनुसार विधिवत् भएको विशेष महाधिवेशनले नयाँ केन्द्रीय कार्य समिति सर्वसम्मत रुपमा निर्वाचित गरेको हो । यही विवरण अद्यावधिक गर्न पार्टी केन्द्रीय कार्य समितिका पदाधिकारी र केन्द्रीय सदस्यहरु निर्वाचन आयोग पुगेका हौँ ।

–विश्वप्रकाश शर्मा
उपसभापति, नेपाली कांग्रेस



नेपाली कांग्रेसले आगामी फागुन २१ गते हुने निर्वाचनमा टिकट वितरण गर्ने प्रयोजनका लागि संसदीय समिति एवम् बोर्ड गठन गर्ने निर्णय गरेको छ । यस्तै, आमनिर्वाचनका लागि पार्टीको घोषणापत्र मस्यौदा गर्न सभापति गगन कुमार थापाको नेतृत्वमा समिति गठन गरेको छ ।

–गुरुराज घिमिरे
महामन्त्री, नेपाली कांग्रेस



**मधेशदृष्टि**
**जनकपुरधाम ।**

नेपाली कांग्रेसका सभापति गगन थापाले महाधिवेशनको निर्णय नै पार्टीको सर्वोपरी हुने दाबी गरेका छन् । विशेष महाधिवेशनको निर्णय अध्यावधिक गराउन निर्वाचन आयोग पुगेका थापाले सञ्चारकर्मीहरूसँग कुरा गर्दै आफूहरूले विधानअनुसार नै विशेष महाधिवेशन गरेको दोहोऱ्याए ।

आवश्यक कागजातसहित नेतृत्व परिवर्तनको अध्यावधिक गर्न कागजात बुझाइएको उनले बताए ।

उनले भने, '६ गते उम्मेदवारी मनोनयनको कुरा छ । त्यसैले भोलि या ढिलोमा पर्सिसम्म अद्यावधिकको काम टुङ्गिन्छ भन्ने विश्वास छ । हामीले सबै तथ्य प्रमाणसहित बुझाएका छौँ । बाहिर पनि सार्वजनिक छन् ।'

उनले शेरबहादुर देउवाको हस्ताक्षर हटाएर आफ्नो अध्यावधिक गर्न बुझाइएको समेत बताए । उनले विशेष महाधिवेशनबाट कार्यविधि पारित भइसकेपछि देउवा नेतृत्वको कार्यसमिति भंग भएको कुरा निर्वाचन आयोगलाई पहिल्यै जानकारी गराइसकेको बताए ।

यसैबीच, नेपाली कांग्रेसको दोस्रो महाधिवेशनबाट नवनिर्वाचित गगनकुमार थापा नेतृत्वको केन्द्रीय कार्यसमितिले विवरण अद्यावधिकका लागि निर्वाचन आयोगमा विवरण पेस गरेको छ ।

सभापति थापाको नेतृत्वमा नवनिर्वाचित केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरु बिहीबार आयोगको केन्द्रीय कार्यालय बहादुर भवन पुगी राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५१ बमोजिम केन्द्रीय कार्य समितिका पदाधिकारी हेरफेर भएको विवरण पेस गरेका हुन् । विवरण पेस गर्दै सभापति थापाले विशेष महाधिवेशनले गरेका निर्णय, पारित गरेका दस्तावेज र नवनिर्वाचित केन्द्रीय कार्य समितिको विवरण पेस गरिएको सञ्चारकर्मीलाई जानकारी दिए । विशेष महाधिवेशनले सभापतिसहित सिङ्गो केन्द्रीय कार्य समिति नै परिवर्तन गरिएको विवरण पेस गरिएको उनले बताए ।

थापा नेतृत्वको नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले पार्टी फुटेको नभई विधानअनुसार विधिवत् भएको विशेष महाधिवेशनले नयाँ केन्द्रीय कार्य समिति सर्वसम्मत रुपमा निर्वाचित गरेको जानकारी दिए । त्यही विवरण अद्यावधिक गर्न पार्टी केन्द्रीय कार्य समितिका पदाधिकारी र केन्द्रीय सदस्यहरु आयोग आएको उनले सुनाए ।

थापा नेतृत्वको नेपाली कांग्रेसका नवनिर्वाचित महामन्त्री गुरुराज घिमिरेले आयोग आउनुअघि बसेको केन्द्रीय कार्य समितिको बैठकले आगामी फागुन २१ गते हुने निर्वाचनमा टिकट वितरण गर्ने प्रयोजनका लागि संसदीय समिति एवम् बोर्ड गठन गर्ने निर्णय भएको बताए । निर्वाचनका लागि पार्टीको घोषणापत्र मस्यौदा गर्न सभापति थापाको नेतृत्वमा अर्को समिति गठन भएको उनले बताए ।

नवनिर्वाचित केन्द्रीय समितिले वरिष्ठ अधिवक्ता हरिहर दाहाल, वरिष्ठ अधिवक्ता एवम् नेपाल बार एशोसियशनका पूर्वअध्यक्ष गोपालकृष्ण घिमिरे, वरिष्ठ अधिवक्ता एवम् एशोसियशनका अर्का पूर्वअध्यक्ष प्रेमबहादुर खड्कासहितका कानून व्यवसायी लिएर आयोग पुगेको थियो । सभापति थापाले आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीलाई दोस्रो विशेष महाधिवेशनबाट पारित भएका नीति तथा कार्यक्रमलगायत दस्तावेज र नव निर्वाचित केन्द्रीय कार्य समितिको विवरणलगायत कागजात पेस गरेका थिए ।

थापा नेतृत्वको नेपाली कांग्रेसले छिटो विवरण अद्यावधिक गर्न माग गरेको छ । आयोग परिसरमा सञ्चारकर्मीसँग कुरा गर्दै थापा नेतृत्वको कांग्रेसका नवनिर्वाचित पदाधिकारी एवम् केन्द्रीय सदस्यहरुले आगामी फागुन २१ गते हुने निर्वाचनका लगि मनोनयन दर्ता गर्ने समय नजिक आएकाले छिटो केन्द्रीय पदाधिकारीसहित केन्द्रीय सदस्यको विवरण अद्यावधिक गर्न माग गरेका हुन् । आयोगले सार्वजनिक गरेको निर्वाचन कार्यतालिका अनुसार प्रत्यक्ष निर्वाचन हुने १ सय ६५ क्षेत्रका लागि माघ ६ गते मनोनयन पत्र दर्ता गर्ने कार्यक्रम छ ।





• **नयाँ केन्द्रीय कार्यसमितिको बैठक**

नेपाली कांग्रेसको विशेष महाधिवेशनपछि निर्वाचित गगनकुमार थापा नेतृत्वको कार्यसमितिको पहिलो बैठक सम्पन्न भएको छ । ललितपुरको कुपण्डोलस्थित पार्टी प्यालेसमा बसेको बैठकले विशेष महाधिवेशनका निर्णयको बारेमा बिहीबार नै निर्वाचन आयोगमा जानकारी गराउने नवनिर्वाचित केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिए । बैठकमा नवनिर्वाचित कार्यसमितिका पदाधिकारी र सदस्यहरु सहभागी थिए ।

पुस २७ गतेदेखि जारी विशेष महाधिवेशन पक्षधरको आह्वानमा भएको महाधिवेशनले बिहीबार बिहान थापाको नेतृत्वमा नयाँ केन्द्रीय कार्यसमिति सर्वसम्मत रुपमा चयन गरेको थियो । यसैसन्दर्भमा कांग्रेसका

*बाँकी पृष्ठ २ मा*

# छिट्टै निष्कर्षमा पुग्छौँ: आयोग

निर्वाचन आयोगका कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले नेपाली कांग्रेसको आधिकारिकता सम्बन्धी विषयमा कानूनअनुसार आयोगले निर्णय गर्ने बताएका छन् । 'यो विषयको निरुपण नभई म केही बोल्दिनँ,' उनले भने, 'कानूनले तोकेको मितिभित्र छिट्टै निरुपण हुन्छ ।'

यद्यपि यसबारे कानूनमा स्पष्ट छैन । कांग्रेसको विशेष महाधिवेशनबाट सभापतिमा सर्वसम्म चयन भएका गगन थापाले बिहीबार निर्वाचन आयोग पुगेर माघ ३ गते शनिबारसम्म अद्यावधिकको विषय टुङ्ग्याउन आग्रह गरेका छन् ।

पुस २७ देखि ३० गतेसम्म काठमाडौँमा सम्पन्न कांग्रेसको दोस्रो विशेष महाधिवेशनले १ सय ३७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको थियो । फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा निर्वाचनका लागि माघ ६ गतेसम्म प्रत्यक्षतर्फको सूची बुझाउनुपर्ने बाध्यात्मक व्यवस्था छ । तर यही बेला नेपाली कांग्रेसमा आधिकारिकता विवाद बढ्ने देखिएको छ ।

राजनीतिक दलसम्बन्धी नियमावली २०७४ को नियम २३ को उपनियम ६ अनुसार अन्यत्र जेसुकै कुरा लेखिएको भए पनि निर्वाचन अवधिभर विवाद निरुपण सम्बन्धमा कुनै कारबाही गरिनेछैन भनिएको छ ।




• **'संस्थापन'को छलफल र अलमल**

भृकुटीमण्डपमा पुस २७ गतेदेखि ३० गतेसम्म भएको विशेष महाधिवेशनबाट सभापतिमा सर्वसम्मत निर्वाचित गगन थापा नेतृत्वको समिति वैधानिकता दाबी गर्दै निर्वाचन आयोगमा पुगेपछि सभापति शेरबहादुर देउवा समूहले कानूनी परामर्श थालेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्का निवास हात्तिगौडामा पूर्वमहान्यायाधिवक्ता उपेन्द्रकेशरी न्यौपाने, वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, डेमोक्रयाटिक लयर्श एसोसिएसनका निवर्तमान अध्यक्ष योगेन्द्र अधिकारी, वर्तमान महासचिव ज्ञानेन्द्र अधिकारीसहितका अधिवक्ताहरूसँग नेताहरूले परामर्श गरेका हुन् ।

परामर्शमा पार्टीभित्र देखिएको विवाद समाधान कसरी गर्न सकिन्छ ? केन्द्रीय कार्यसमितिको निर्णय र स्वामित्वबिना भएको विशेष महाधिवेशनका आधारमा निर्वाचित समितिलाई आयोगले वैधता दिन मिल्छ कि मिल्दैन ? र अब २०७८ सालमा १४ औँ महाधिवेशनबाट निर्वाचित समितिलाई कायमै राखेर अगाडि बढ्न के गर्नुपर्छ भन्ने विषयमा नेताहरूले अधिवक्ताहरूसँग राय लिएका थिए ।

अधिवक्ताहरूले महाधिवेशन प्रतिनिधिहरूले विशेष महाधिवेशन आह्वानका लागि माग गर्न सक्ने व्यवस्था भएपनि केन्द्रीय समितिले स्वीकार नगरी महाधिवेशन गरेर नयाँ नेतृत्व चयन गरेर अगाडि बढ्न नसक्ने बताएका थिए । आयोगले अर्को समूह आएकाले के भएको हो भन्ने पत्र पठाएपछि त्यसको जवाफ दिने र अहिले विशेष महाधिवेशन आधिकारिक नभएको जानकारी गराउन सुझाएको छ ।

# कांग्रेस एकताबद्ध राख्ने प्रयास सफल हुन सकेन



नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले पार्टीलाई एकताबद्ध राख्ने प्रयास सफल हुन नसकेको बताएका छन् ।

नेता डा कोइरालाले बिहीबार विज्ञप्ति जारी गरी कांग्रेसलाई एकताबद्ध राख्ने आफ्नो प्रयास सफल हुन नसकेको र यस घटनामा संलग्न सबै चुकेको बताए । डा कोइरालाले कांग्रेस एक भएर आसन्न निर्वाचनमा होमिनुपर्छ भन्ने सोचका साथ इमानदार प्रयास गरे पनि विभाजनबाट पार्टीलाई जोगाउन नसकेकामा दुःख व्यक्त गरे ।

उनले आगामी दिनमा आफ्नोसामु आसन्न निर्वाचनमा जाने र आठ दशक लामो कांग्रेस इतिहासको गौरवलाई जोगाउने जिम्मेवारी रहेको बताए । नेता डा कोइरालाले अहिलेको विषम परिस्थितिमा पार्टीभित्र एकताको खाँचो रहेको उल्लेख गर्दै सुदृढ कांग्रेसका पक्षमा एक हुन अनुरोध गरे ।

नेता डा कोइरालाले पार्टीभित्र गर्नुपर्ने सुधारका प्रक्रिया नरोकिने भन्दै सबैलाई आफ्नो घरमा फर्कन विज्ञप्तिमार्फत आह्वान गरेका छन् ।

# स्वास्थ्यका लागि नियमित योग जरुरीः सभामुख यादव

**जनकपुरधाम ।** 'स्वास्थ्य समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' मूल नारा सहित मधेश प्रदेशमा विभिन्न कार्यक्रम सहित ११ औँ राष्ट्रिय योग दिवस २०८२ आज मनाइएको छ । प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय जनकपुरधामको आयोजनामा चिकित्सालयको मुजेलियास्थित भवनमा आयोजना गरिएको कार्यक्रममा सहभागी योगका प्रशिक्षक तथा विज्ञहरुले योगलाई दैनिक जीवनमा उतार्नका लागि आग्रह गरेका हुन् ।

कार्यक्रममा बोल्दै मधेश प्रदेशका सभामुख रामआशिष यादवले मानवलाई मानसिक तथा शारीरिक रुपमा स्वास्थ्य रहनका योगलाई दैनिक दिन चर्या बनाउनु पर्ने धारणा राखे । उनले अहिले मानवमा विभिन्न प्रकारको विकारहरू उत्पन्न भएको र नसर्ने रोगको कारणले निक्कै पिडित हुनु परेकाले त्यसको रोकथाम तथा उपचारका लागि योग महत्वपूर्ण माध्यम भएकाले सबैले योगलाई दैनिकी बनाएर आत्मसात गर्न जरुरी रहेको बताए ।

मधेश प्रदेशका उपसभामुख बबिता राउत ईशरले व्यस्त जीवन शैलीका कारणले सवैमा मानसिक तनाव बढेका कारणले मान्छेहरूमा विभिन्न प्रकारका नसर्ने रोगहरूले च्याप्रे गरेकाले हरेकले योग तथा प्रणयाम गर्न जरुरी रहेको बताए ।

मधेश प्रदेशका पूर्वमन्त्री एवं प्रदेश सभाका सदस्य रामसरोज यादवले युवाहरूमा देखा परेको कुलतबाट जोगाउन तथा विषादीयुक्त खानपानले भइरहेको स्वास्थ्य समस्याबाट मुक्ति पाउनका लागि हरेकले दैनिक रुपमा योग, ध्यान तथा प्रणयाम गर्न जरुरी रहेको बताए ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले मानसिक तथा शारीरिक रुपमा स्वास्थ्य रहनका लागि हरेक व्यक्तिले नियमित रुपमा कम्तीमा पनि आधा घण्टा योग तथा प्रणयाम गर्न जरुरी रहेको बताए ।

प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय जनकपुरधामका कार्यालय प्रमुख आयुर्वेद चिकित्सक डा. महारुद्र ठाकुरको अध्यक्षतामा भएको सो कार्यक्रममा योगका प्रशिक्षकले कार्यक्रममा सहभागीहरूलाई योगाभ्यास गराएका थिए ।

# धादिङमा जुधाइयो एक सय हल गोरु



**मलेखु ।** माघे सङ्क्रान्तिको दिन बिहीबार धादिङमा एक सय हल गोरु जुधाइएको छ । कृषि कर्मका लागि पालिएका गोरुलाई माघे सङ्क्रान्तिको दिन जुधाउने सांस्कृतिक परम्पराअनुसार जुधाइएको हो ।

त्रिपुरासुन्दरी गाउँपालिकाको मूलपानीमा १४, लाइगाउँमा १०, नीलकण्ठ नगरपालिकाको धुवाकोट–९, खाल्टेमा सात, मस्याङछापमा पाँच, सुनौलाबजारमा आठ, खनियाबासको दार्खा १७, मार्पकमा चार, फुलखर्कमा ११, बुढाथुममा नौ र ज्वालामुखीको मैदीमा छ हल गोरु जुधाइएको आयोजकहरुले जानकारी दिएका छन् ।

जनावर जुधाएर आनन्द लिने मानिसको यो परम्परासँग ऐतिहासिक महत्व जोडिएको मूलपानीका शम्भु थापाले बताए । रसुवा, नुवाकोट र धादिङ तीनै जिल्लामा गोरु जुधाउने यो परम्परा नेपाल र तिब्बतबीचको भोट सन्धी १९४९ सँग जोडिएको छ । बझाङ्गी राजा पृथ्वीबहादुर सिंहको स्वागतका निम्ति माघे सङ्क्रान्तिका दिन गोरु जुधाएर थालनी गरिएको किम्बदन्ती रही आएको जानकारहरु बताउँछन् ।

बारीमा धुलो उडाउँदै बडेमानका जुरो भएका साँढे गोरुहरू जुध्दा पाखाभरि भरिभराउ हजारौँ दर्शकको भीड लाग्ने गरेको छ । पहिला पहिला छिमेकीले रमाइलो स्वरुप आफ्नो घरमा रहेका गोरुहरू जुधाउने गरेका थिए । अहिले प्रतियोगिताका रुपमा गोरु जुधाइँदै आएको छ । कुन साँढे गोरु कुनसँग जुधाउने, उमेर र आकार निक्र्यौल गरिन्छ । प्रतियोगितामा जुधेका गोरुमध्ये जसको गोरु पहिला भाग्छ, उसैको गोरुले हारेको र अर्को पक्षकाले जितेको ठहरिन्छ । वर्खाभरि खेतबारी जोत्ने र हिउँदमा बलियो बनाएर पालेको गोरुलाई किसानले मनोरञ्जनका लागि झुधाउँदै आएकामा पछिल्लो वर्षहरुमा प्रतियोगिताको रुपमा जुधाउने गरिएको हो । मनोरञ्जन, भेटघाट र मित्रता नवीकरण गर्ने अवसरका रुपमा विकसित हुँदै आएको मैदीकी सुशीला विश्वकर्माले जानकारी दिइन् ।

ऐतिहासिक प्रमाण नभेटिए गोरु जुधाइ परम्परा १०० वर्षभन्दा पुरानो मानिन्छ । माघे सङ्क्रान्ति भन्ने वित्तिकै नेपालमा गोरु जुधाउने दिन भनेर चिनिन थालेको छ ।

# स्व. गोपाल गिरी स्मृति पत्रकारिता पुरस्कार देवकोटालाई



**मधेशदृष्टि**
**वीरगंज ।** स्वर्गीय गोपाल गिरी स्मृति क्रियाशील पत्रकारिता पुरस्कार पत्रकार गोविन्द देवकोटालाई प्रदान गरिएको छ । नेपाल पत्रकार महासंघ पर्साले बिहीबार एक कार्यक्रमका बीच नगद रु ५१ हजार राशी सहित देवकोटालाई पुरस्कार प्रदान गरेको हो ।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री श्याम पटेल, पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, नेपाल पत्रकार महासंघका केन्द्रीय सचिव अशोक तिवारी, पूर्व केन्द्रीय सचिव दिपेन्द्र चौहान लगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा अध्यक्ष खनालले स्वर्गीय गोपाल गिरी तत्कालीन वीरगञ्ज नगर प्रमुख तथा नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष समेत रहेको स्मरण गराउँदै उहाँ निर्भीक, जनमुखी र सिद्धान्तनिष्ठ पत्रकार तथा कुशल जनप्रतिनिधि भएको बताए । पत्रकारितालाई सम्मान गर्ने उद्देश्यले २०६१ सालदेखि हरेक वर्ष यो पुरस्कार प्रदान गर्दै आइएको छ ।

# थारु बस्तीमा माघीको उमङ्ग



**सिरहा।** माघको कठ्याङ्ग्रिँर्दो जाडोलाई बेवास्ता गर्दै सिरहासहित आसपासका जिल्लाका थारु बस्तीमा माघी पर्वको उल्लास छाएको छ। थारु समुदायले नयाँ वर्षका रूपमा मनाउने यस पर्वका कारण यतिबेला गाउँगाउँमा रमाइलो वातावरण बनेको छ।

माघीको अवसरमा थारु महिलाहरू चामलको पिठोबाट बनाइने परम्परागत परिकार 'ढिक्री', अनदीको जाँड, रोटी र माछाका विभिन्न परिकार बनाउन व्यस्त छन् । गाउँका अगुवाको घरमा जम्मा भएर वर्षभरिको योजना बनाउने र सामूहिक रूपमा पर्व मनाउने तयारी भइरहेको छ।

सिरहाको लहान र धनगढीमाई नगर क्षेत्र, जहाँ थारु समुदायको बाक्लो उपस्थिति छ, त्यहाँ एक हप्ताअघिदेखि नै तयारी सुरु भइसकेको थियो । लहानका वानोगाउँ, गोठटोल, पडरिया र बर्छवालगायतका स्थानमा माघी मेलाको रौनक सुरु भइसकेको छ।

थारु कल्याणकारिणी सभाका जिल्ला सभापति सत्यनारायण चौधरीका अनुसार माघी केवल खानपिनमा मात्र सीमित छैन । उनले भने, 'थारु जातिका थरीथरीका परिकारको स्वाद लिनु, आफ्नै मौलिक भेषभूषामा सजिनु र थारु भाषाका गीतमा झुम्नु नै माघीको वास्तविक सुन्दरता हो। यसले हाम्रो भाषा र संस्कृतिलाई पुस्तान्तरण गर्न मद्दत पु¥याउँछ।'

त्यस्तै, धनगढीमाईमा 'तेश्रो जिल्लास्तरीय तिला सङ्क्राइत उत्सव–२०८२' को सम्पूर्ण तयारी पूरा भएको छ । नगर संयोजक शम्भू चौधरीले उत्सवमार्फत समुदायको कला र संस्कृति प्रदर्शन गरिने जानकारी दिए । माघीको अघिल्लो रात आगोको धुनी बालेर ताप्ने र भोलिपल्ट बिहानै (भाले बासेसँगै) पवित्र नदी वा खोलामा गएर स्नान गर्ने परम्परा छ। नुहाएर फर्किएपछि घरका मान्यजनलाई ढोग गर्ने र 'खिचडी' दान गर्ने विशेष चलन छ।

स्थानीय जानकार अनिल चौधरीका अनुसार यो पर्वले सामाजिक एकता र भ्रातृत्वलाई बलियो बनाउँछ । उनी भन्छन्, हामी माघीमा नुहाएर आएपछि आफूभन्दा ठूलाको आशीर्वाद लिन्छौँ र तिल, चामललगायतका सामग्री दान गर्छौं । यो हाम्रो पुर्खादेखि चल्दै आएको पवित्र संस्कार हो। वेशभूषा, नाचगान र खानपिनको सङ्गम मानिने माघीले सिरहाका थारु बस्तीलाई अहिले उत्सवमय बनाएको छ । रासस

# त्रिवि शिक्षण अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम बन्द

**काठमाडौँ।** महाराजगञ्जस्थित त्रिभुवन विश्वविद्यालय (त्रिवि) शिक्षण अस्पतालले बिहीबारदेखि स्वास्थ्य बिमा कार्यक्रममार्फत उपचार सेवा बन्द गरेको छ।

अस्पतालका सूचना अधिकारी कालीप्रसाद रोस्याराले स्वास्थ्य बिमामार्फत गराइने सबै उपचार सेवा बन्द गरिएको जानकारी दिए। स्वास्थ्य बिमा बोर्डले बिमा कार्यक्रममार्फत उपचार गराएको भुक्तानी उपलब्ध नगराउँदा बिमा कार्यक्रमलाई निरन्तरता दिन नसकिएको बताए। अस्पतालले स्वास्थ्य बिमामार्फत बीमितको उपचार गरेवापत बोर्डबाट करिब ४० करोड रुपैयाँ भुक्तानी लिन बाँकी रहेको छ । 'स्वास्थ्य बिमामार्फत मासिक रु दुई करोड बराबरको सेवा उपलब्ध गराउँदै आएका थियौँ,' सूचना अधिकारी रोस्याराले भने, 'बीमितको उपचार गरेवापतको रकम समयमा उपलब्ध नहुँदा अस्पताल सञ्चालन गर्न समस्या भयो । आन्तरिक स्रोतबाट अस्पतालले सबै खर्च व्यहोर्नुपर्ने हुँदा मासिक रु दुई करोड घाटा खाएर स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गर्न नसकिएको हो ।' अस्पतालले २०७७ सालदेखि नियमित रुपमा सञ्चालन गर्दै आएको स्वास्थ्य बिमा कार्यक्रममार्फत गरिने उपचार सेवा प्रदान गर्दै आएको थियो । बिमा वापतको रकम भुक्तानी गर्न बोर्डलाई दुई वर्षदेखि आग्रह गर्दा कुनै सुनवाइ नभएको सूचना अधिकारी रोस्याराले बताए।




# नेपाली कांग्रेसः गगन थापा पक्षधरको फास्ट ट्रयाक मुभ...

कार्यवाहक सभापति पूर्णबहादुर खड्काको अध्यक्षतामा बुधबार पार्टी कार्यालय, सानेपामा बसेको केन्द्रीय कार्यसमितिको बैठकले पार्टीको विधान उल्लङ्घन हुनेगरी कामकाज गरेको भन्दै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्ला मन्सुरलाई पार्टीबाट निष्काशन गरेको थियो । केन्द्रीय समितिको कारबाहीपछि कांग्रेसको विवाद उत्कर्षमा पुगेको थियो ।

विवाद बढेपछि कांग्रेसका दुवै पक्ष आधिकारिकताका लागि निर्वाचन आयोग पुगेका छन् ।

'कसैको शिर निहुरिन दिने छैन'

नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट निर्वाचित सभापति गगनकुमार थापाले आफूलाई जिम्मेवारी सुम्पने नेता तथा कार्यकताको शिर निहुरिने अवस्था आउन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । सभापति पदमा निर्वाचित भएपछि विशेष महाधिवशेनस्थलमा नेता तथा कार्यकर्ता, शुभेच्छुकलाई सम्बोधन गर्दै उनले पार्टी सदस्यलाई कांग्रेस भएकामा गौरव गर्ने पार्टी बनाउने दृढता व्यक्त गरे ।

'जुन विश्वासका साथ सभापतिको जिम्मेवारी सुम्पिनुभएको छ, तपाईंहरु कसैको पनि शिर निहुरिने अवस्था आउने दिने छैन । नेपाली कांग्रेस पार्टीको शान राख्छु । यो पार्टीमा लाग्ने तमाम साथीहरुले नेपाली कांग्रेस भएकामा गौरव गर्ने बनाउँछु । नागरिकलाई अप्ठयारो अवस्थामा कांग्रेस छ भन्ने काम पार्टीले गर्नेछ,' नवनिर्वाचित सभापति थापाले भने ।

उनले नेपाली कांग्रेसको विशेष महाधिवेशन कांग्रेसको इतिहासमा मात्रै नभई आधुनिक नेपालको इतिहासमा भूइँ तहका कार्यकर्ताले गरेको सबैभन्दा ठूलो हस्तक्षेप भएको उल्लेख गरे ।

थापाले भने, 'भुइँ तहका कार्यकर्ता भनेको जनताको प्रतिनिधि हो, नागरिक हो । नागरिकले दलभित्र गरेको हस्तक्षेप हो ।' नेपाली कांग्रेस कुनै हालतमा नफुटेको जनाउँदै उनले वैधानिक रुपमा विशेष महाधिवेशन गर्दा पार्टी फुट्यो भन्ने प्रश्नै नउठ्ने बताए ।

त्यसअघि केन्द्रीय निर्वाचन समितिका संयोजक सीताराम केसीले सभापति पदमा थापा निर्विरोध निर्वाचित हुनुभएको घोषणा गरेका थिए ।

- **केन्द्रीय कार्यसमिति निर्वाचित**

नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको नाम घोषणा गरिएको छ ।

काठमाडौँमा आइतबारदेखि जारी विशेष महाधिवशेनबाट बिहीबार पार्टी सभापतिमा गगनकुमार थापा, उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल तथा महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरे निर्वाचित भएको केन्द्रीय निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता सीताराम केसीले जानकारी दिए ।

पार्टीको सहमहामन्त्री डा डिला सङ्ग्रौला पन्त (महिला), प्रकाश रसाइली स्नेही (दलित), बहादुरसिहं लामा (आदिवासी जनजाति), उदयशम्शेर राणा (खसआर्य), मुक्ताकुमारी यादव (मधेशी), फर्मुल्ला मन्सुर (मुस्लिम), योगेन्द्र चौधरी (थारु) र कर्णबहादुर बुढा (पिडडिएको क्षेत्र) निर्वाचित भएका छन् ।

यस्तै, खुला ३५ केन्द्रीय सदस्यमा गोपालमान श्रेष्ठ, ओमकारप्रसाद श्रेष्ठ, अर्जुननरसिंह केसी, राजेन्द्रकुमार केसी, अर्जुनप्रसाद जोशी, सुरेशकुमार योञ्या, चिनकाजी श्रेष्ठ, सुधिर सिवाकोटी, भरत शाह, मधु आचार्य, अमृत अर्याल, ध्रुव वाग्ले, देवराज चालिसे, विनोद चौधरी, मोहन आचार्य, उज्ज्वल बराल, जनक गिरी र देवप्रसाद तिमिल्सिना निर्वाचित भएका छन् ।

यस्तै, अजयबाबु सिवाकोटी र प्रेमबहादुर खड्का, जयराम लामिछाने, वसन्त भट्टराई, प्रदीप शर्मा, जगत जोशी, प्रमोदहरि गुरागाईं, डा केदारनरसिंह केसी, विदुर बस्नेत, तीर्थजङ्ग शाही, भरत खड्का, सुवास पोखरेल, शम्भु बुढाथोकी, धर्मराज गौतम, टेकराज पौडेल, तिलक रानाभाट र राजेन्द्र गोपाल सिंह खुला केन्द्रीय सदस्य निर्वाचित भएको निर्वाचन समितिले जनाएको छ ।

महिला खुला नौ सदस्यीय केन्द्रीय सदस्यमा चम्पादेवी खड्का, धना खतिवडा, नानु बास्तोला, चिनु पोखरेल, जानकी सिंह, प्रतिमा गौतम, गीता सत्याल, सन्तोषी साउँद ऐर र दिलकुमारी राई निर्वाचित भएका छन् । केन्द्रीय सदस्यमा कोशी प्रदेशतर्फ शारदादेवी कोइराला, हिमालय कर्माचार्य र अग्नि पौडेल, मधेशतर्फ मधु शाही, रामानन्द यादव र बजरङ्ग नेपाली, बागमतीतर्फ उमा दाहाल, जितनारायण श्रेष्ठ र रमेश धमला निर्विरोध चयन भएका छन् ।

गण्डकीतर्फ विष्णुदेवी पाण्डे, रेशम बानियाँ र कृष्ण केसी, लुम्बिनीतर्फ पवित्राकुमारी अर्याल, केशव आचार्य र रामबहादुर कार्की, कर्णालीतर्फ रमादेवी खड्का, दिक्पाल शाही र नारायण भट्टराई तथा सुदूरपश्चिमतर्फ निपा चोख्याल, हिमबहादुर रावल र नरेन्द्रप्रसाद भट्ट निर्वाचित भएका छन् ।

*केन्द्रीय सदस्य (अपाङ्गता)तर्फ प्रकाश पन्त, (अल्पसंख्यक)तर्फ शिवनारायण सिं गनगाई, केन्द्रीय सदस्य दलिततर्फ मैकुलाल बाल्मिकी, शिवबहादुर सुनार, धर्म नेपाली दर्जी, सूर्य विक र दिनेश सुनार निर्वाचित भएका छन् ।*

केन्द्रीय सदस्य आदिवासी जनजाति (महिला)तर्फ सपना राजभण्डारी, प्रमिला राई, मनकुमारी गुरुङ, कुशुमदेवी थापा मगर, लीलादेवी बोखिम लिम्बू, डा अमिता प्रधान र छोन्दुल्होम शेर्पा, आदिवासी जनजाति खुलातर्फ तारामान गुरुङ, अष्टकुमार कवे, छन्दबहादुर पहराइ मगर, नगेन्द्र कुमाल, शम्भुलाल श्रेष्ठ, भीम श्रीष, नरेन्द्र केरुङ र दिपेन श्रेष्ठ चयन भएका छन् ।

केन्द्रीय सदस्य (खसआर्य महिलातर्फ) उमा सिवाकोटी, बाला अधिकारी, मुना भुसाल, इन्दिरा कार्की, विनिता खड्का र सम्झना खत्री, खसआर्य खुलातर्फ विजय स्वार, मथुरा घिमिरे, जगदीशचन्द्र उपाध्याय, विष्णुकुमार कार्की, विश्वनाथ रिजाल, केशव भेटुवाल र कमल भुसाल निर्वाचित भएका छन् ।

केन्द्रीय सदस्य (मधेशी महिलातर्फ) अञ्जु झा, चन्द्रकलाकुमारी यादव, गोमा अन्सारी र र निलम साह, (मधेशी खुला)मा रामपल्टन शाह, नागेन्द्र शाह, राधेश्याम पाठक, सनिलकुमार यादव र रामरुप प्रसाद निर्विरोध भएका छन् ।

केन्द्रीय सदस्य (मुस्लिम महिला) पदमा सनम बेगम, मुस्लिम खुला पदमा अब्दुल रज्जाक गद्दी र अब्दुल सत्तार, थारू महिलामा नवोदिता चौधरी र सुनिता राना, थारू खुल्लातर्फ सुरेन्द्रप्रसाद चौधरी र गोपाल दहित तथा पिछडिएको क्षेत्रतर्फ खुल्ला केन्द्रीय सदस्यमा दीपकजङ्ग शाह निर्वाचित भएका छन् ।

घोषित समितिका सभापति थापाले निर्वाचन समितिका संयोजक वरिष्ठ अधिवक्ता केसीसमक्ष पद तथा गोपनियताको शपथ ग्रहण गरेका छन् ।

# सखुवाप्रसौनीको पचगावामा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर २ पचगावा बजारमा बिहीबार आयोजित रक्तदान कार्यक्रममा ४५ जना नागरिकले रक्तदान गरेका छन् । यसमध्ये दुई महिला समेत रहेका थिए । कार्यक्रम सृजनशील शिक्षा विकास केन्द्रले गाउँपालिका कार्यालयको आर्थिक सहयोगमा गादीमाई पोलियो क्लिनिक प्रांगणमा आयोजना गरेको थियो ।

सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्षले उद्घाटन गर्दै 'रक्तदान जीवनदान' भएको भन्दै यस्ता सामाजिक कार्यमा गाउँपालिकाले सधैं सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे । स्वास्थ्य प्रमुख सन्जिव यादवलले यस्ता स्थानीय कार्यक्रमले आवश्यक परेको बेला रगतको अभाव हुन नदिने बताए । आयोजक संस्थाका अध्यक्ष चिरञ्जीवी यादवले शिक्षासँगै स्वास्थ्य क्षेत्रमा पनि योगदान गर्दै भविष्यमा यस्ता कार्यक्रम निरन्तरता दिने जानकारी दिए । कार्यक्रममा गाउँपालिकाका प्रशासकीय अधिकारी, स्थानीय प्रहरी, पत्रकार र विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको पनि उपस्थिति थियो ।

# दलित बस्तीमा न्यानो कम्बल वितरण

**मधेशदृष्टि**
**सर्लाही ।**
लायन्स क्लब अफ जनकपुरधाम जानकीको आयोजनामा सर्लाही जिल्लाको धनकौलस्थित दलित बस्तीमो न्यानो कम्बल वितरण कार्यक्रम सम्पन्न भएको छ । सो अवसरमा विपन्न, असहाय तथा दलित समुदायका ४८ परिवारलाई न्यानो कम्बल वितरण गरिएको लायन्स क्लबले जनाएको छ । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी तथा लायन्स क्लबका पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# भन्सार चोरी पैठारीका सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको वीरगंज महानगरपालिका–१६ स्थितबाट प्रहरीले भन्सार छली चोरी–पैठारी गरी ल्याइएका विभिन्न सामग्री बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले रजतजयन्ती चोक र बुखार चोक जोड्ने सडकखण्डमा नियमित जाँचका क्रममा लत्ताकपडा, किराना सामान, रेलिङका पाइप तथा विभिन्न इलेक्ट्रोनिक सामग्री नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार बरामद सामग्रीको अनुमानित मूल्य तीन लाख छ हजार पाँच सय रुपैयाँ रहेको छ । बरामद गरिएका सबै सामग्री आवश्यक कानुनी प्रक्रिया पूरा गरी वीरगंज भन्सार कार्यालयमा बुझाइएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सुत्केरी र शिशुलाई घरदैलोमै स्वास्थ्य सेवा



**सिरहा ।**
सिरहाको लहान नगरपालिकाले मातृ–शिशु स्वास्थ्यलाई प्राथमिकता दिँदै सुत्केरी र नवजात शिशुको घरदैलोमै पुगेर स्वास्थ्य जाँच गर्ने अभियान सुरु गरेको छ । नगरप्रमुख महेशप्रसाद चौधरीले १२ वटा स्वास्थ्य केन्द्रलाई बिपी सेट, स्टेथोस्कोप र मेडिकल झोलालगायत उपकरण हस्तान्तरण गर्दै अभियानको सुरुआत गरेका हुन् । उनले नगरपालिकाले २४ वटै वडाका स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यकर्मीलाई घरघरमै पठाउने व्यवस्था मिलाइएको बताए । सुत्केरी भएको ४२ दिनभित्र स्वास्थ्यकर्मीहरूले २४ घण्टा, तीन दिन, सात दिन र ४२ दिनमा गरी चारपटक घरमै पुगेर जाँच गर्ने व्यवस्था गरिएको छ । विशेषगरी यातायातको पहुँच नभएका र ग्रामीण भेगका महिलालाई लक्षित गरी यो कार्यक्रम ल्याइएको नगरप्रमुख चौधरीले जानकारी दिए । उनले भने, 'कुनै पनि आमा वा शिशुले उपचार र परामर्शको अभावमा ज्यान गुमाउन नपरोस् भन्ने हाम्रो लक्ष्य हो ।' साथै विशेषगरी ग्रामीण भेगका आर्थिक रूपमा विपन्न र यातायातको पहुँच नभएका महिलाहरूलाई लक्षित गरेर कार्यक्रम सुरु गरेको बताए ।

नगरपालिकाले विगत ४ वर्षदेखि हरेक महिनाको २२ गते २४ वटै वडामा 'सुत्केरी तथा गर्भवती पोषण प्याकेज' समेत वितरण गर्दै आएको छ । स्वास्थ्य शाखा प्रमुख विन्देश्वर चौधरीका अनुसार स्वास्थ्यकर्मीहरूले केवल स्वास्थ्य जाँच मात्र नगरी सुत्केरी अवस्थामा अपनाउनुपर्ने सावधानी र खानपानबारे पनि परामर्श दिनेछन् । रासस

# मोतियाबिन्दुको शल्यक्रिया गराएका ५३ जनालाई न्यानो कम्बल




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पोखरिया नगरपालिका वडा नम्बर ७ र ८ का मोतियाबिन्दु रोगको शल्यक्रिया गराएका ५३ जना बिरामीलाई न्यानो कम्बल वितरण गरिएको छ । माघे सङ्क्रान्तिको अवसर पारेर रुंगटा वेल्फेयर सोसाइटीको सहयोगमा लायन्स क्लब अफ वीरगंज परिवार, लायन्स क्लब अफ आदर्शनगर र लायन्स क्लब पोखरियाले संयुक्त रूपमा बिहीबार उनीहरूलाई कम्बल प्रदान गरेका हुन् ।

पोखरिया नगरपालिका वडा नम्बर ८ अन्तर्गत जगतपुरमा आयोजित कार्यक्रममा मोतियाबिन्दुको सफल शल्यक्रिया गराएका लाभग्राहीहरूलाई एक–एक थान कम्बल वितरण गरिएको लायन्स क्लब पोखरियाका अध्यक्ष लायन नेजामुदिन समानीले जानकारी दिए ।

उनका अनुसार यसअघि सञ्चालन गरिएको निःशुल्क आँखा शिविरका क्रममा मोतियाबिन्दुको समस्या देखिएका बिरामीहरूको करिब दुई हप्ताअघि वीरगंज सामुदायिक आँखा उपचार केन्द्रमा निःशुल्क शल्यक्रिया गरिएको थियो । शल्यक्रियापछि उनीहरूको स्वास्थ्य अवस्था सुधारोन्मुख रहेकाले सामाजिक उत्तरदायित्वअन्तर्गत चिसो मौसमलाई मध्यनजर गर्दै कम्बल वितरण गरिएको आयोजक संस्थाहरूले बताएका छन् ।

कम्बल वितरण कार्यक्रम लायन्स क्लब अफ आदर्शनगरका अध्यक्ष सुरेश रुंगटाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा लायन्स क्लबकी जोन चेयर पर्सन डा. लक्ष्मी गुप्ता, डा. मनोज गुप्ता, लायन्स क्लब अफ वीरगंज परिवारका अध्यक्ष नरोत्तम पाण्डे, लायन्स क्लब अफ पोखरियाका अध्यक्ष नेजामुदिन समानी, उपाध्यक्ष आशा देवी, बासु तिमिल्सिना, दिगम्बर थापालगायत लायन्सकर्मी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो । कार्यक्रममा सहभागी वक्ताहरूले स्वास्थ्य सेवा र मानवीय सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै यस्ता कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्ने बताएका थिए ।

# कञ्चनपुर–कमला सडक ५ वर्षमा ६९ प्रतिशत प्रगति

**सिरहा ।**
नेपाल सरकारको रूपान्तरणकारी गौरवको आयोजनाअन्तर्गत कञ्चनपुर–कमला सडक खण्ड विस्तार तथा स्तरोन्नतिको काम सुरु भएको पाँच वर्ष पुग्दा ६९ प्रतिशत मात्र भौतिक प्रगति भएको छ । एसियाली विकास बैंकको मुख्य लगानीमा निर्माणाधीन ८६ दशमलव ८३ किलोमिटर लामो यो खण्डको काम तीन पटक म्याद थपिँदा पनि अझै पूर्ण हुनसकेको छैन ।

सन् २०२० जुनमा चाइना रेलवे नं २ इञ्जीनियरिङ ग्रुपसँग भएको सम्झौताअनुसार यो सडक २८ अक्टोबर २०२३ मै सम्पन्न हुनुपर्ने थियो । साइट क्लियरेन्स र कोरोना महामारीको कारण देखाउँदै पहिलो पटक १४ महिना र दोस्रो पटक १२ महिना म्याद थपिएको थियो । हालै आगामी जुनसम्मका लागि तेश्रो पटक छ महिना म्याद थपिएको छ । कूल रु १६ अर्ब आठ करोड ५० लाखभन्दा बढी लागतको यो परियोजनामा पूर्वी खण्ड (कञ्चनपुर–कुसहा ३९ दशमलव ४२ किमि) र पश्चिम खण्ड (कुसहा–कमला ४७ दशमलव चार किमी) गरी दुई भागमा काम भइरहेको छ ।

लहानस्थित पूर्वी खण्ड कार्यालयका सूचना अधिकारी इञ्जीनियर राजीव झाका अनुसार यो खण्डमा हालसम्म ६७ प्रतिशत भौतिक प्रगति भएको छ । चौबिस किलोमिटर सडक चार लेनमा कालोपत्र भइसकेको छ भने ११३ कल्भर्ट र २० पुलमा सवारीसाधन गुड्न थालेका छन् । छ लेन बनाउनुपर्ने बजार क्षेत्र कञ्चनपुर, महुली, रुपनी, कल्याणपुर लगायतमा भने स्थानीय अवरोधका कारण काम सुस्त छ । इञ्जीनियर झाले भने, 'प्राविधिक रूपले अनावश्यक ठाउँमा पनि नाला बनाउन स्थानीयको दबाब र विभिन्न अवरोधले गर्दा काम नियमित हुनसकेको छैन, यद्यपि थपिएको म्यादभित्रै काम सक्ने गरी लागेका छौँ ।'



पश्चिम खण्ड मिर्चैया कार्यालयको रिपोर्टअनुसार गत असोज मसान्तसम्म ३० दशमलव ८५ किलोमिटर चार लेन सडक निर्माण भएको छ । एक सय १२ कल्भर्ट र २५ पुलमध्ये १२ सञ्चालनमा आइसकेका छन् । तर, गोलबजार खण्डमा डिजाइन स्वीकृतिमा ढिलाइ हुँदा कामले गति लिन सकेको छैन ।

कार्यालयका सूचना अधिकारी अनुपम साहका अनुसार लहान र मिर्चैयामा ओभरपासका लागि पाइल फाउण्डेसनको काम भइरहेको छ । लहानमा माटो कमजोर देखिएकाले २० वटा ग्राभेल फाउण्डेसनको काम गरिएको उनले बताए । लहान बसपार्क र प्रादेशिक अस्पताल अगाडि आकाशे पुलको जग निर्माण पनि सकिएको छ ।

निर्माण कार्यमा भएको ढिलाइले मुख्य बजार क्षेत्रका बासिन्दा र यात्रुले चरम सास्ती भोग्नुपरेको छ । विशेषगरी लहान र मिर्चैया खण्डमा ओभरपास निर्माण सुस्त हुँदा सडक अस्तव्यस्त छ । सडकको दुवैतर्फ बनाइएका साँघुरा डाइभर्सन र उड्ने धुलोका कारण स्वास्थ्यमा असर पर्नुका साथै दुर्घटनाको जोखिम बढेको स्थानीयको गुनासो छ । पुलका रेलिङ, रङ्गरोगन र एक्सपान्सन ज्वाइन्ट जस्ता फिनिसिङका काम अझै बाँकी रहँदा यात्रा जोखिमपूर्ण बनेको छ ।

त्यस्तै, मुख्य सडक चार लेन र बजार क्षेत्रमा छ लेनको हुने यस सडकमा पुल, कल्भर्ट र ओभरपास जस्ता संरचनाको अन्तिम फिनिसिङका काम अझै बाँकी रहेका छन् । एसियाली विकास बैंकको ७१ दशमलव २२ प्रतिशत ऋण सहयोग र नेपाल सरकारको २८ दशमलव ७८ प्रतिशत लगानी रहेको यो सडक विस्तारमा भेरिएसनसहित करिब रु १६ अर्ब आठ करोड ५० लाख लागत लाग्ने अनुमान गरिएको छ । रासस

# समय नाघीसक्दा अधिकाँश पुल निर्माण अलपत्र

**मधेशदृष्टि**
**रौतहट ।**
सडक डिभिजन कार्यालय चन्द्रनिगापुर मातहत निर्माणाधीन १४ वटा पुलमध्ये अधिकांश पुल तोकिएको समय नाघिसक्दा पनि अलपत्र अवस्थामा रहेका छन् । करिब एक दशकअघि सुरु भएका यी पुलमध्ये सात वटा पुलको भौतिक प्रगति ६० प्रतिशतभन्दा कम रहेको छ ।

२०७३ सालमै पप्पु–शिवशङ्कर जेभीले सिमरा भवानीपुर नगरपालिका–८ र ९ जोड्ने लमहा नदीमा पुल निर्माण थालेको भए पनि करिब नौ वर्ष बित्दा हालसम्म ६० प्रतिशत मात्रै प्रगति भएको छ । समयमै काम नहुँदा पुलको म्याद पटक–पटक थपिँदै आएको सडक डिभिजन कार्यालय चन्द्रनिगापुरले जनाएको छ ।

त्यस्तै, कटहरिया–गरुडा जोड्ने झाँस पुल सात वर्षअघि निर्माण सुरु भए पनि हालसम्म ६० प्रतिशत मात्रै प्रगति भएको छ ।

# टिपरको ठक्करबाट एकजनाको मृत्यु, एक घाइते

**धनुषा ।**
जनकपुरधामका फरक दुई स्थानमा टिपरको ठक्करबाट भएका दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक महिला गम्भीर घाइते भएकी छिन् । जनकपुरधामस्थित शुभचोकमा टिपरले मोटरसाइकललाई पछाडिबाट ठक्कर दिँदा धनुषाको क्षिलेश्वनाथ नगरपालिका रमदैयाभवाडीका ७५ वर्षीय राजकिशोर यादवको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । ज ७ प २८३७ नम्बरको मोटरसाइकलमा सवार यादवलाई शुभचोकमा ना ८ ख ८२५७ नम्बरको टिपरले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख रुगमबहादुर कुँवरले जानकारी दिए ।

त्यस्तै, जनकपुरधामको रामानन्द चोकमा टिपरको ठक्करबाट साइकलमा सवार एक महिला गम्भीर घाइते भएको कुँवरले बताए । उनका अनुसार प्रदेश २–००३१ क ०७७५ नम्बरको टिपरको ठक्करबाट मिथिला बिहारी नगरपालिका–७ तारापट्टीकी ३० वर्षीया नितु साह गम्भीर घाइते भएकी छिन् । नितुको जनकपुरमा उपचार सम्भव नभएपछि थप उपचारका लागि काठमाडौँ पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले जानकारी दिए । जनकपुरधाम उपमहानगरपालिकाभित्र ठूला तथा भारी सवारीसाधनको अव्यवस्थित सञ्चालनका कारण दुर्घटनाको जोखिम बढ्दै गएको उनको भनाइ छ ।

समय र रुट निर्धारण नगरी टिपर, ट्रक, बस तथा ट्याक्टर जस्ता सवारीसाधन व्यस्त बजार क्षेत्रमा सञ्चालन हुँदा सर्वसाधारणको जनजीवन प्रभावित बनेको छ । घटनापछि आक्रोशित स्थानीयले टिपरमा तोडफोड गर्नुका साथै आगजनीको प्रयास गरेका प्रहरी नायब उपरीक्षक बमले बताए । प्रहरीले स्थिति नियन्त्रणमा लिँदै शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखेको छ भने टिपरलाई सुरक्षित रूपमा घटनास्थलबाट हटाएर थप अनुसन्धान सुरु गरिएको छ प्रहरी प्रवक्ता बमले बताए ।

प्रहरीले दुवै घटनामा संलग्न टिपर र चालकलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान सुरु गरिसकेको छ । व्यस्त बजार क्षेत्रमा बढी क्षमता (ओभरलोड) र तीव्र गतिमा ठूला सवारीसाधन सञ्चालन हुँदा दुर्घटना बढ्दै गएको भन्दै स्थानीयवासीले उपमहानगरपालिका र सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन् । रासस

चिसो मौसममा कसरी सुरक्षित रहने ?

चिसो मौसमले स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। विशेष गरी बालबालिका, जेष्ठ नागरिक, गर्भवती महिला तथा दीर्घरोगीहरू यसबाट बढी प्रभावित हुन्छन्। निम्न १० बुँदालाई दैनिक जीवनमा अपनाएर चिसोबाट जोगिऔँ।

न्यानो कपडा अनिवार्य लगाऔँ
टोपी, मोजा, पञ्जा, स्वेटर तथा ज्याकेट प्रयोग गरी शरीर ढाकेर राख्नुपर्छ। टाउको, हातखुट्टा न्यानो राख्दा चिसोको असर कम हुन्छ।

बिहान र बेलुका अत्यधिक चिसोमा बाहिर ननिस्किऔँ
घाम ननिस्केको बेला अनावश्यक बाहिर नजानु राम्रो हुन्छ, विशेषगरी बालबालिका र जेष्ठ नागरिकका लागि।

तातो तथा पौष्टिक खानेकुरा सेवन गरौँ
तातो दूध, सूप, झोलिला परिकार, अदुवा, लसुन तथा पर्याप्त पानी सेवन गर्दा शरीर तातो र प्रतिरोधात्मक क्षमता बलियो हुन्छ।

धुवाँ र चिसो हावाबाट जोगिऔँ
घरभित्र हावा पस्ने राम्रो व्यवस्था राख्नुपर्छ। बन्द कोठामा कोइला, दाउरा वा आगो बाल्दा विषालु ग्यासको जोखिम हुन्छ।

आगो बाल्दा पूर्ण सावधानी अपनाऔँ
सुत्दा आगो नबाल्ने, आगो नजिक बालबालिका नछोड्ने र कपडाबाट आगो टाढा राख्ने।

नियमित स्वास्थ्य जाँच गरौँ
ज्वरो, खोकी, दम, छाती दुखाइ, टाउको दुखाइ वा उच्च रक्तचाप जस्ता लक्षण देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गर्ने।

बालबालिका र जेष्ठ नागरिकलाई विशेष ध्यान दिऔँ
उनीहरूलाई न्यानो राख्ने, तातो खाना खुवाउने र चिसो पानी प्रयोग नगर्ने।

जनचेतना फैलाऔँ
आफ्नो परिवार, छिमेकी तथा समुदायमा चिसोबाट बच्ने उपायको जानकारी बाँडौँ।

"चिसो मौसममा सचेत बनौँ, स्वास्थ्य सुरक्षित राखौँ।"
स्वस्थ नागरिक — समृद्ध समाज।

जनहितमा जारी सन्देश
मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
मधेश प्रदेश, नेपाल

सम्पादकीय

# महाधिवेशनको फैसला र संस्थापनको भविष्य

नेपाली कांग्रेस अब राजनीतिक बहसको चरण पार गरेर कानूनी–संवैधानिक निर्णायक मोडमा प्रवेश गरेको छ । आधिकारिकताको मुद्दा अगाडि बढ्नु भनेको कांग्रेसको आन्तरिक शक्ति सन्तुलन अब भावनाले होइन, विधान र महाधिवेशनले तय गर्ने संकेत हो।

यस परिप्रेक्ष्यमा महाधिवेशन नै कांग्रेसको अन्तिम अदालत बन्नेछ, जहाँ बहुमतको फैसला नै सर्वेसर्वा हुनेछ। आजको यथार्थ के हो भने कांग्रेसको संगठन, प्रतिनिधि संरचना र कार्यकर्ता मनोविज्ञान क्रमशः गगन थापा नेतृत्वको धारतर्फ ढल्किँदै गएको देखिन्छ। परिवर्तन, पुस्तान्तरण र राजनीतिक साहसको माग गरिरहेका प्रतिनिधिहरूको बहुमत यदि महाधिवेशनमा गगन थापा पक्षमा उभियो भने 'आधिकारिक कांग्रेस' को परिभाषा पनि स्वतः बदलिनेछ । त्यस अवस्थामा हालको संस्थापन नेतृत्व कानूनीरूपमा मात्रै होइन, नैतिक रूपमा पनि अल्पमतमा पर्नेछ।

यही सन्दर्भमा गगन थापालाई कारबाही गर्ने निर्णय स्वयम् संस्थापनका लागि दीर्घकालीन राजनीतिक आत्मघाती कदम बन्ने खतरा छ । महाधिवेशनले बहुमतको समर्थनसहित गगन थापा नेतृत्वलाई वैधता दियो भने आजको कारबाही भोलि 'गलत राजनीतिक निर्णय' का रूपमा इतिहासमा दर्ज हुनेछ । अझ गम्भीर कुरा त, त्यस कारबाहीमा संलग्न नेतृत्व स्वयम् अनुशासन, सहिष्णुता र लोकतान्त्रिक अभ्यासविरुद्ध उभिएको आरोपको सामना गर्न बाध्य हुनेछ । संस्थापन नेतृत्वको भविष्य अब दुई विकल्पमा सीमित देखिन्छ । पहिलो, महाधिवेशनको निष्कर्षलाई स्वीकार गर्दै सम्मानजनक रूपान्तरणमा जाने । दोस्रो, महाधिवेशनअघि वा पछिसम्म शक्ति प्रयोग र कारबाहीको राजनीति जारी राख्दै पार्टीलाई गहिरो विभाजनतर्फ धकेल्ने। दोस्रो विकल्प रोजिए कांग्रेस नाम त बाँकी रहला, तर राष्ट्रिय विकल्पको हैसियत गुम्ने जोखिम उच्च छ।

नेपाली कांग्रेसको इतिहासले बारम्बार यही पाठ दिएको छ—अल्पमतले शक्ति थामेर बहुमतलाई दबाउन खोज्दा पार्टी कमजोर भएको छ। आज पनि त्यो पाठ दोहोरिन सक्छ। महाधिवेशनको फैसला स्वीकार गर्ने साहस देखाउने नेतृत्व मात्रै कांग्रेसको भविष्यको हिस्सा बन्न सक्छ। नत्र, संस्थापन स्वयं इतिहासको पराजित अध्यायमा सीमित हुने सम्भावना प्रबल छ।

# समावेशीताको नाममा दलको एकाधिकार



**दिवेश कुमार महतो**

समानुपातिक प्रणाली अन्तर्गत प्रतिनिधि छनोट गर्ने पूर्ण अधिकार राजनीतिक दलहरूसँग रहनु नै अहिलेको सबैभन्दा ठूलो आलोचनाको विषय बनेको छ। दलहरूले तयार गर्ने बन्द सूची प्रणालीका कारण मतदाताले उम्मेदवार छान्न पाउने अवसर पाउँदैनन् । परिणामतः समावेशीताको मर्मभन्दा दलको आन्तरिक शक्ति सन्तुलन, पहुँच र नातावाद हावी हुने गरेको गुनासो बढ्दो छ।

समानुपातिक निर्वाचन प्रणालि तर्फ उम्मेदवार छनौट गर्दा पार्टीको आन्तरिक छनौट पद्धतिले पार्टी भित्र पँहुच भएका र नातावाद का आधारमा छनौट हुने गरेको परिपाटी विधमान छ । विसं २०७९ सालको प्रतिनिधि सभा निर्वाचनलाई फर्केर हेर्ने हो भने नेपाली कांग्रेसबाट मधेशी कलस्टरको पहिलो नम्बरमा समानुपातिक तर्फ नेपाली कांग्रेसका पुर्व उपसभापति बिमलेन्द्र निधि थिए भने सभापति शेरबहादुर देउवाको पत्नी आरजु राणा देउवा पनि महिलातर्फ को लिस्टमा थिइन् । यसै उदाहरणले समानुपातिक प्रणाली व्यवस्था माथि प्रश्न उठ्दै गरेको र राजनितिक दलहरुकै कारण यस प्रणालीलाई गिज्याइरहेको छ।

**संविधानले के भन्छ ?**

नेपालको संविधानको धारा –८४ को उपधारा २ ले भन्छ 'समानुपातिक निर्वाचन प्रणालि बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनितिक दलले उम्मेदवारी दिंदा जनसंख्याको आधारमा महिला,दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानूनबमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिंदा भुगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ।'

नेपालको संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुत अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माण गर्ने सङ्कल्प गरेको छ। यसको अर्थ वर्षौंदेखि बहिष्करणमा परेका आदिवासी जनजाति, मधेशी, महिला, मुस्लिम र दलितलाई राज्यका हरेक अङ्गमा समानुपातिक प्रतिनिधित्व गराउनु हो।

संविधानको यस मर्मलाई ख्याल गर्दै सङ्घीय तथा प्रदेश व्यवस्थापिकामा समानुपातिक प्रतिनिधित्व गराउन मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिएको छ । संविधानको धारा ८४ को उपधारा १ को (क) अनुसार ६० प्रतिशत प्रतिनिधि पहिलो हुने निर्वाचन प्रणाली अर्थात् प्रत्यक्ष निर्वाचित हुन्छन् । बाँकी ४० प्रतिशत प्रतिनिधि राजनीतिक दलहरूले प्राप्त गरेको समानुपातिक तर्फको मतभारका आधारमा सम्बन्धित दलले सिफारिस गरेको बन्द सूचीबाट छनोट गरिन्छ । समानुपातिक निर्वाचन प्रणालीको उद्देश्य वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक र लैङ्गिक रूपमा पछाडि परेको वा पारिएकाहरू जो प्रत्यक्ष प्रतिस्पर्धा गरेर निर्वाचित हुने हैसियत राख्दैनन्, उनीहरूको प्रतिनिधित्व गराउनु हो।

**वास्तविक सीमान्तकृत अझै ओझेलमा**

संविधानले लक्षित गरेका समुदायबाट प्रतिनिधित्व भएको देखिए पनि ती प्रतिनिधिहरू वास्तवमै सीमान्तकृत वर्गको आवाज बनेका छन् कि छैनन् भन्ने प्रश्न उठिरहेको छ । कतिपय अवस्थामा आर्थिक, राजनीतिक रूपमा सक्षम र दल नेतृत्वसँग निकट व्यक्तिहरू नै 'सीमान्तकृत समुदाय'को नाममा सूचीमा पर्ने गरेका छन् । यसले वास्तविक रूपमा पछाडि पारिएका समुदाय फेरि पनि प्रतिनिधित्वबाट वञ्चित हुने अवस्था सिर्जना गरेको छ।

**चारवटा निर्वाचनमा समानुपातिक प्रतिनिधित्वको अवस्था**

पहिलो संविधानसभा २०६४, दोस्रो सोविधानसभा २०७०,पहिलो आम निर्वाचन २०७४ र पछिल्लो आम निर्वाचन २०७९ गरी चारवटा निर्वाचनमा समानुपातिक समावेशीताको अवस्था हेर्दा खसआर्यको प्रतिनिधित्व एकपछि अर्को बढीरहेको छ । तर, लक्षित समुदाय र वर्गको प्रतिनिधित्व भने घट्दो क्रममा छ । धेरै पार्टीको नेतृत्व ब्राह्मण–क्षेत्री समुदायमा केन्द्रित छ। दलित, मधेशी र महिलाको प्रतिनिधित्व भने धेरै कम छ।

**संख्या बढ्यो, प्रभाव घट्यो**

महिला र अन्य समुदायको संख्या संसद् र राज्यका निकायमा बढेको तथ्य निर्विवाद छ । तर प्रतिनिधित्व केवल संख्यामा सीमित हुँदा नीति निर्माण र निर्णय प्रक्रियामा उनीहरूको प्रभाव कमजोर देखिन्छ । दलको ह्विप र नेतृत्वको निर्देशनमा निर्भर रहनु पर्ने अवस्थाले प्रतिनिधिलाई स्वतन्त्र रूपमा आफ्नो समुदायका मुद्दा उठाउन कठिन बनाएको छ । समावेशी प्रतिनिधित्व दलको नियन्त्रणमै सीमित रहने कि नागरिकको वास्तविक आवाज बन्ने ? भन्ने प्रश्न जगजाहेर छ त्यसैले यसतर्फ राजनितिक दलका शीर्ष नेताहरु र पार्टी पंक्तिले ध्यान दिनु आवश्यक छ।

नेपालको संविधानले परिकल्पना गरेको समानुपातिक प्रतिनिधित्व प्रणाली समावेशी लोकतन्त्रको आधारशिला हो । यसले लामो समयदेखि राज्यका संरचनामा प्रतिनिधित्वविहीन रहेका समुदायलाई मूल प्रवाहमा ल्याउने महत्त्वपूर्ण अवसर प्रदान गर्छ । तर, राजनीतिक दलले बन्दसूची पेस गर्दा यसको मर्मलाई आत्मसात् नगर्ने र नेता, कार्यकर्ताका परिवार वा आर्थिक रूपमा बलिया व्यक्तिलाई प्राथमिकता दिने प्रवृत्तिले यस प्रणालीको विश्वसनीयता र औचित्यमाथि प्रश्न चिन्ह खडा गरेको छ। यसकै प्रस्फुटन भदौ २३ र २४ गतेको जेनजी आन्दोलनले प्रष्ट पार्छ।

समानुपातिक सिटहरू वास्तविक समावेशिताभन्दा पनि पार्टीको 'लक्जरी सिट' बन्दै गएका छन्, जसलाई प्रभावशाली व्यक्तिलाई 'राजनीतिक सम्मान' दिने माध्यम बनाउन खोजिँदै छ। त्यसकारण यसमा सुधारको आवश्यकता एकदमै छ।

नेपालको समानुपातिक प्रतिनिधित्व प्रणालीलाई यसको वास्तविक मर्म र उद्देश्यअनुरूप प्रभावकारी बनाउनका विभिन्न सुझाव ग्रहण गर्न जरुरी छ। जसमा समानुपातिक निर्वाचन प्रणालीमा उम्मेदवार बन्नका लागि स्पष्ट मापदण्ड र योग्यता तोक्ने गरी निर्वाचन कानूनमा संशोधन गरिनुपर्छ। जस्तैः प्रत्यक्ष निर्वाचनमा दुई वा सोभन्दा बढी पटक पराजित भएका वा पार्टीमा लामो समयदेखि योगदान पु¥याएका तर प्रत्यक्षबाट प्रतिस्पर्धा गर्न नसक्ने व्यक्तिलाई प्राथमिकता दिनुपर्ने वा आर्थिक रूपमा सम्पन्न व्यक्तिलाई समानुपातिकमा निषेध गर्ने विषयमा बहस हुन सक्छ।

**समावेशी समानुपातिक प्रणाली मा चाहिएको सुधारहरू, तल प्रस्तुत गरिएको छः**

पहिलो, समानुपातिक सूची निर्माण प्रक्रिया पारदर्शी, समुदायकेन्द्रित र जवाफदेही हुनुपर्छ।

दोस्रो, राजनीतिक दलको अत्यधिक नियन्त्रण हुनु हुदैन। दलको स्वेच्छाचारी निर्णयमा अंकुश र सूची तयार गर्दा पारदर्शी मापदण्ड र स्वतन्त्र निगरानी हुनुपर्छ।

तेस्रो,समानुपातिक प्रणालीमा एक पटकभन्दा बढी अवसर नदिने कानूनी व्यवस्था हुनुपर्छ।

चौथो, निर्वाचन व्यवस्थापन तथा नियमन गर्ने निकायलाई संवैधानिक मापदण्ड कार्यान्वयन गराउने प्रभावकारी अधिकार दिइनुपर्छ । विधानमा उल्लिखित समावेशी मापदण्ड ऐन र नियममा स्पष्ट रूपमा परिभाषित गर्नुपर्छ र त्यसको उल्लंघन गर्ने दलहरूलाई दण्डित गर्ने तथा समानुपातिक सूची अस्वीकार गर्ने अधिकार सुनिश्चित गरिनुपर्छ।

पाँचौं, राजनीतिक दलहरूले समावेशितालाई बाध्यता होइन, राष्ट्रिय एकताको आधारका रूपमा स्वीकार गर्नुपर्छ । दलहरूभित्रै समावेशिताको संस्कृति विकास गर्नुपर्छ।

छैठौं, निर्वाचनमा जनमत नपाएका व्यक्तिलाई समानुपातिक प्रणालीको दुरुपयोग गरी सत्ता प्रवेश गराउने अभ्यासलाई निरुत्साहित गर्नुपर्छ।

सातौं, प्रतिनिधिसभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका २०७९ बनाएपनि सो निर्देशकको उचित परिचालन भने भइरहेको छैन । समानुपातिक सूचीमा परेका व्यक्तिले सामाजिक, आर्थिक वा अन्य कुनै किसिमको पिछडिएकोपनका कारण प्रत्यक्ष प्रतिस्पर्धा गर्न असमर्थ भएको घोषणा गर्नुपर्ने वा त्यसको प्रमाण पेस गर्नुपर्ने व्यवस्था गर्न सकिन्छ । दलले बुझाएको बन्दसूचीमाथिको जाँचबुझलाई निर्वाचन आयोगले थप प्रभावकारी र सशक्त बनाउनुपर्छ, जहाँ समावेशिताको सिद्धान्तको अक्षरशः पालना भए नभएको कठोरताका साथ हेरिनुपर्छ।

आठौं, राजनीतिक दलले समानुपातिक प्रणालीको मूल मर्मलाई बुझेर सोहीअनुरूप बन्दसूची तयार गर्नुपर्छ । आफ्ना परिवारका सदस्य, आर्थिक दाता वा प्रत्यक्षमा जित्न सक्ने हैसियतका व्यक्तिलाई समानुपातिकमा राख्ने प्रवृत्ति त्याग्नुपर्छ।

विशेषज्ञहरूका अनुसार समानुपातिक प्रणाली पूर्णतः असफल होइन, तर यसको कार्यान्वयनमा गम्भीर सुधार आवश्यक छ। उम्मेदवार छनोटमा आन्तरिक लोकतन्त्र, सूची सार्वजनिक गर्ने पारदर्शी प्रक्रिया, र प्रतिनिधिहरूको कार्यसम्पादन मूल्याङ्कन जस्ता उपाय अपनाइएमा मात्र समावेशीताले वास्तविक अर्थ पाउनेछ।

विश्वका विभिन्न मुलुकको जनसंख्याको तथ्याङ्कमा काम गर्ने संस्था 'वल्र्ड पपुलेसन रिभ्यू' का अनुसार ९४ वटा मुलुकले समानुपातिक निर्वाचन प्रणाली अपनाइरहेका छन् । त्यसमा पनि मिश्रित, पार्टी सूचीमा आधारित र एकल स्थानान्तरणीय मतका आधारमा समानुपातिक निर्वाचन प्रणाली अपनाउने गर्छन्।

छिमेकी देश भारतमा नेपालजस्तो समावेश समानुपातिक प्रणाली छैन तर आरक्षण प्रणालीमार्फत सामाजिक समावेशिता ,महिला प्रतिनिधित्व सुनिश्चित कायम गरेको छ। भारतीय संविधानको भाग १६ को धारा ३३० र ३३२ मा लोकसभामा अनुसूचित जातिहरु र अनुसूचित जनजातिहरुका लागि निम्न स्थानहरूमा आरक्षण भनेर छुट्टै व्यवस्था गरिएको छ।

त्यहाँ लोकसभा (संसद) र राज्यसभा (विधानसभा) का सदस्यहरू सिधै जनताबाट चुनिन्छन् । सबैभन्दा धेरै मत पाउने उम्मेदवार विजयी हुन्छन्। समानुपातिक प्रणालीको सट्टा समावेशीताका लागि अपनाइएको आरक्षण प्रणाली अन्तर्गत धारा ३३० र ३३२ अनुसार ती समुदायका लागि लोकसभा र राज्य विधानसभा मा जनसंख्याको अनुपातअनुसार सिट छुट्याइन्छ । त्यस क्षेत्रमा केवल अनुसूचित जातिहरु र अनुसूचित जनजातिहरु उम्मेदवार मात्र चुनाव लड्न पाउँछन्।

फ्रान्समा राजनीतिक दलले समानुपातिक रूपमा पुरुष र महिला उम्मेदवार प्रस्तुत गर्नुपर्छ , जसलाई (Parity Law) भनिन्छ। जसको अर्थ लैङ्गिक समानता कायम गर्न ५०–५० प्रतिनिधित्वको सिद्धान्त ( महिला र पुरुषको संख्या लगभग बराबर हुनुपर्छ भन्ने मान्यता ) छ।

साउथ अफ्रिका विविध जातीय प्रतिनिधित्व १९९४ पछि साउथ अफ्रिकाले समावेशी समानुपातिक प्रणाली अपनायो जसले ब्ल्याक, व्हाइट, कोलर्ड जस्ता विविध जातीय समूहहरूलाई संसदमा समावेश गराउन ठूलो भूमिका खेलेको थियो।

जर्मनी, न्यूजील्याण्ड नेपाल जस्तै मिश्रित प्रणाली (Mixed Electrol System) छ । जर्जिया पुर्ण समानुपातिक संसद मा आधारित भएको देश हो । जर्जियाले बन्द सूची समानुपातिक प्रणाली अपनाएको छ जसले प्रत्यक्ष क्षेत्रको सट्टा मत प्रतिशतअनुसार सबै सदस्य चुनिन्छन् र समावेशी प्रतिनिधित्वलाई प्राथमिकता दिन्छ।

हाम्रो देशमा समावेशी समानुपातिक प्रणाली बारे र यस प्रणालीमा राजनितक दलको एकाधिकार लाई नियन्त्रण गर्न बहस हुन जरुरी छ। जनताले प्रश्न गर्न आवश्यक छ। जनताको प्रश्नमा धेरै ताकत हुन्छ । जसको जल्दोबल्दो उदाहरण राष्ट्रिय स्वतन्त्र पार्टीले सार्वजानिक गरेको समानुपातिक लिस्टमाथि आमनागरिकले प्रश्न गरेर जवाफदेही बनाएका थिए। रास्वपाले पार्टीको आसेपासे र समाजिक सञ्जालमा लाइक, कमेन्ट,फ्लोअर र आर्थिक रुपमा चुनाव जित्नेहरुलाई बन्दसूचीमा प्राथमिकता दिइएको थियो तर समाजिक सञ्जालदेखि जनस्तरबाट नैतिक रुपमा प्रश्न उठ्न थालेपछि राष्ट्रिय स्वतन्त्र पार्टीले भने पेस गरिएको समानुपातिक सुची फेरबदल गरेर अगाडि बढेको छ।

समर्थन गर्नेहरूलाई प्रश्न गर्न र जवाफदेही बनाउन सकिएन भने हामी अन्धभक्त बन्छौं र राजनीतिमा अन्धभक्त हुनु भनेको मुलुकलाई धोका दिनु हो । त्यसैले प्रश्न गर्न आवश्यक छ । अतः न्यायपूर्ण समाजको निर्माण गर्न, सामाजिक विभेद अन्त्य गर्न, राज्यप्रतिको अपनत्व विकास गर्न, पारस्परिक सद्भाव र सहयोग अभिवृद्धि गर्न, राष्ट्रियताको भावना अभिवृद्धि गर्न र स्थायित्व, शान्ति र विकास अगाडि बढाउन समावेशी समानुपातिक प्रतिनिधित्व प्रणाली राष्ट्रको निम्ति अत्यावश्यक छ । राजनीतिक दलद्वारा यसको प्रयोग इमानदार रूपमा गरिनु पर्छ।

(काठमाडौं स्कुल अफ ल मा बिएएलएलबिमा अध्ययनरत विद्यार्थी)

# दैलेखमा बढ्दैछ 'योग क्रान्ति'



**नवीन रिजाल**

नारायण नगरपालिका–२ का ८१ वर्षीय धनबहादुर थापालाई मुटुमा गम्भीर समस्या देखिएपछि चिकित्सकले भारतको गुजरातस्थित एपोलो हस्पिटलमा भर्ना भई तत्काल शल्यक्रिया गर्न सुझाव दिएका थिए। यो उमेरमा शल्यक्रिया गर्दा सन्तानलाई दुःख हुने ठानेर उहाँ उपचार नगरी घर फर्कनुभयो। घर फर्किएलगत्तै पतञ्जली योग समिति दैलेखको योग शिविरमा नियमित 'कपालभाती' प्राणायाम गर्न थाल्नुभएका थापाको अहिले मुटुको समस्या पूर्णरूपमा निको भएको छ ।वृद्ध उमेरमा योगबाट स्वास्थ्य लाभ पाउनुभएका थापा भन्नुहुन्छ, "योग अभ्यासले मानिसलाई नयाँ जीवन दिने रहेछ । अहिले म हिँडेरै सबै ठाउँ पुग्छु, स्मरण शक्ति बाल्यकालको जस्तै तेज भएको छ ।" उहाँ त एक प्रतिनिधि पात्र मात्र हुनुहुन्छ । अहिले दैलेखमा धनबहादुर जस्तै थुप्रै नागरिक योगका माध्यमबाट जटिल रोग निको पारी स्वस्थ जीवन बिताइरहेका छन्।

पतञ्जली योग समिति दैलेखका मुख्य प्रशिक्षक शङ्कर थापाको पहलमा जिल्लामा योगको लहर आएको हो । आफैँ वर्षौंसम्म ढाडको नशा च्यापिएर र पाचनप्रणालीको समस्याबाट थलिनुभएका थापाले योगकै कारण स्वास्थ्य लाभ गरेपछि जिल्लाभर योग अभियान चलाउनु भएको थियो। उहाँले दैलेखवासीलाई निरोगी बनाउन 'योग भवन' बनाउने सपना देख्नुभयो। उहाँकै निरन्तर सक्रियतामा तत्कालीन कर्णाली प्रदेशसभा सदस्य अमरबहादुर थापाले विनियोजन गर्नुभएको रु ५० लाख बजेटबाट दैलेखमा सुविधा सम्पन्न योग भवन निर्माण भएको छ । अहिले त्यही भवनमा दैलेखवासीले नयाँ जीवन पाइरहेका छन् । मुख्य प्रशिक्षक थापा भन्नुहुन्छ, 'खराब जीवनशैली र खानपान सुधार्ने हो भने योगले मुटु, मधुमेह, उच्च रक्तचाप, माइग्रेन, दमलगायत शरीरमा देख्न नसकिने खाले सुक्ष्म रोग निको पार्छ । अहिले आफ्नै भवन भएपछि ६५ देखि ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको सहभागितासमेत उत्साहजनक छ।

यस्तै योगले महिलाहरूमा हुने जटिल स्वास्थ्य समस्या समाधानमा ठूलो सहयोग पु¥याएको छ । नारायण नगरपालिका–२ की भगवती थापा विगत लामो समयदेखि टन्सिलाइटिस र थाइराइडको समस्याबाट पीडित हुनुहुन्थ्यो । सोही समस्याका कारण उहाँले ब्याक्टेरियाको सङ्क्रमण रोक्न हरेक महिना एक हजार एमजीको मोनोसेफ इन्जेक्सन लगाउनुपर्ने बाध्यता थियो । उहाँको स्वास्थ्य अवस्था यति गम्भीर थियो कि हप्तामा एक पटक हातमा 'क्यानुला' अनिवार्य लगाउनुपथ्र्यो । आफ्नो विगतको पीडा स्मरण गर्दै थापा भन्नुहुन्छ, 'विगतमा स्वास्थ्य समस्याकै कारण मेरा तीन वटा बच्चा लगातार मृत जन्मिए, चौथो सन्तान पनि जटिल शल्यक्रियामार्फत जन्मिएको हो । तर जब मैले नियमित योग अभ्यास शुरु गरेँ, मेरा सबै स्वास्थ्य समस्याहरू निको भए। अहिले म आफैँ योग शिविरमा मुख्य महिला प्रशिक्षकको रूपमा सक्रिय छु । योगले मेरो जीवनमा ऊर्जा र नयाँ जीवन भरिदियो । 'योग जस्तो ओखती अरु छैन, मानिसलाई स्वस्थ जीवनयापन गराउने भनेकै योग रहेछ,' थापाले भन्नुभयो।

दुल्लु नगरपालिका–११ की राधाकुमारी शाही सुगर, मिर्गौलाको पत्थरी, कलेजोमा बोसो जमेको, पेट फुलिनी, खुट्टा सुनिने, उच्च रक्तचाप, युरिकएसिड, पाठेघर र महिनावारीको समस्या योगबाटै निको भएको बताउनुहुन्छ। दर्जनौँ रोगमाथि योगले विजय गरेको कथा सुनाउँदै उहाँ भन्नुहुन्छ, 'पहिले मेरो बास अस्पतालमा हुन्थ्यो, मेरो आधा कमाइ अस्पतालमै सकिन्थ्यो,' उहाँ स्मरण गर्नुहुन्छ, 'अहिले पैसाको बचत भएको छ र स्वास्थ्य ठीक भएपछि खुसी छु । नयाँ जीवन पाएजस्तै भएको छ ।' यस्तै नारायण नगरपालिका–६ की सरिता बुढाको देब्रे खुट्टामा नीला गाँठागुटी देखिने र लामो समयको उपचारले निको नभएको समस्या योगले समाधान गरेको उहाँको अनुभव छ । 'अस्पतालले समय–समयमा इन्जेक्सनमार्फत ती गाँठाबाट हरियो पानी निकाल्ने गथ्र्यो,' बुढा भन्नुहुन्छ, 'पहिला अस्पताल धाउँदा हैरान भएकी थिएँ, तर नियमित योग अभ्यासले अहिले सबै गाँठागुटी हराएका छन, म पूर्ण स्वस्थ छु।'

नौमूले गाउँपालिका–८ का मणिकुमार रिमालले लामो समयदेखिको गहिरो डिप्रेसन (मानसिक समस्या) योगबाटै निको भएको जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, 'मानसिक रोगले निराशा बनाउँदो रहेछ, "योगले मस्तिष्कलाई सक्रिय बनाउँदो रहेछ, तनाव र चिन्ता सबै हराएर जाँदो रहेछ,' उहाँ सुनाउनुहुन्छ, 'तर योग आसनले मस्तिष्क सक्रिय बनाएपछि अहिले म पूर्ण रूपमा स्वस्थ र खुसी छु।'

यस्तै नारायण नगरपालिका–१ का रामकुमार श्रेष्ठले पनि नियमित योग अनुशासनका कारण आफ्नो फिस्टुलाको समस्या समाधान भएको बताउनुहुन्छ। नारायण नगरपालिका–१ की सुस्मा न्यौपाने पनि योगकै कारण नयाँ जीवन पाएको बताउनुहुन्छ। उच्च रक्तचाप, मधुमेह र टन्सिलाइटिसका कारण उहाँ लामो समयदेखि पीडित हुनुहुन्थ्यो । योगले अहिले उच्च रक्तचाप, टन्सिलाइटिस र मधुमेह नियन्त्रणमा छ। नियमित योगकै कारण जटिल बन्दै गएका समस्या विस्तारै सुधार हुँदै गएका छन् । उहाँ भन्नुहुन्छ, 'यदि मैले समयमै योग शुरु नगरेको भए मेरो शरीर थला परिसक्ने थियो। योगले मलाई दिनभर मनमा शान्ति दिने, भावानात्मक रुपमा सकारात्मक ऊर्जा पैदा गरेको छ।'

त्यस्तै, प्रशिक्षकको अनुपस्थितिमा भूमिका निभाउन सक्ने क्षमता बनाउनु भएकी ऋतु मल्लले मोटोपन नियन्त्रण भएको र मन शान्त रहेको अनुभव सुनाउनुभयो । उहाँ भन्नुहुन्छ, 'योगाभ्यास गरेमा मन चङ्गा र शरीर पूmर्तिलो हुन्छ । मानिसको विचार, चालचलन, भोजनशैली, आचरण आदिमा सकारात्मक परिवर्तन आउँछ। मानिसमा असल चरित्र, गुण, चिन्तनको विकास हुन्छ ।' अर्की प्रशिक्षक टीका रिजालले माइग्रेन र महिनावारीको समस्या योगले निको पारेको बताउँदै योगलाई औषधिभन्दा ठूलो उपचारका रूपमा व्याख्या गर्नुहुन्छ । गैरसरकारी संस्था महासङ्घ दैलेखकी अध्यक्ष डिलकुमारी चन्दले शरीरका जोर्नी दुख्ने समस्या हटेर शरीर लचकदार बनेको बताउनुभयो। जिल्लामा सुविधा सम्पन्न योग भवन बनेपछि दैनिक रूपमा योग गर्नेहरूको सङ्ख्या बढ्दो छ । दैलेख अहिले कर्णाली प्रदेशकै एक प्रमुख 'योग हब'का रूपमा विकास भइरहेको छ।

स्वास्थ्य सेवा कार्यालय दैलेखकी जनस्वास्थ्य नर्स अधिकृत हरिकला थापा योगलाई एक प्रकारको 'ठूलो प्राकृतिक अस्पताल' मान्नुहुन्छ । सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य परियोजना शाखा प्रमुख समेत रहनुभएकी थापाले दीर्घकालीन रूपमा रोगमुक्त रहन योग विज्ञानको महत्व बुझ्न अपरिहार्य रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मैले योगको महत्व बुझेरै नछुटाएर आउने गरेको छु। अस्पतालको औषधिले तत्काल फाइदा गरे पनि त्यसको नकारात्मक असर (साइड इफेक्ट) हुनसक्ने र त्यसले अर्को स्वास्थ्य समस्या ल्याउने सम्भावना रहन्छ ।' सबै नागरिकलाई उपचारका लागि आवश्यक पैसा जुटाउन कठिन हुने वर्तमान अवस्थामा नियमित योग अभ्यासले खर्च बचत गर्नुका साथै शरीरलाई दीर्घकालसम्म स्वस्थ राख्न मद्दत पु¥याउने उहाँको भनाइ छ । नियमित योगले मन शान्त हुने, शरीरमा स्फूर्ति र ऊर्जा बढ्ने तथा दिमाग तेजिलो हुने भएकाले दीर्घकालीन रोगबाट मुक्ति पाउन यो अचुक औषधि सावित हुने उहाँ बताउनुहुन्छ।

मुटुका रोगीहरूका लागि योग अत्यन्त फाइदाजनक छ । उचित खानपान, व्यायाम, तनाव व्यवस्थापन, प्राणायाम, ध्यान आदि मुटुको रोगको उपचारका लागि आवश्यक र सहयोगी विषय हुन्। यसबाट उच्च रक्तचाप, मधुमेह, कोलेस्टेरोल, मोटोपन आदि घट्ने हुन्छ र मुटुलाई स्वस्थ बनाउन सहयोग पुग्छ। मानसिक तनाव घटाउन योगको प्राणायाम र ध्यानभन्दा प्रभावकारी अर्को पद्धति नभएको योग प्रशिक्षक बताउनुहुन्छ । नारायण नगरपालिका क्षेत्रका स्थानीय बासिन्दा पछिल्लो समय नियमित योग अभ्यासतर्फ आकर्षित भएका छन् । योगकै माध्यमबाट वर्षौंदेखि बल्झिएका जटिल स्वास्थ्य समस्या समाधान हुन थालेपछि उनीहरूमा योगप्रतिको विश्वास बढेको हो। रासस

# निर्वाचन सफल पारौंः राष्ट्रपति



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले परिवर्तित सन्दर्भमा नवपुस्ता मात्र नभएर सबै नेपालीको चाहनाअनुसार सुरक्षित भविष्यको लागि मुलुकलाई निकास दिन आगामी फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनलाई सफल पार्न अनुरोध गरेका छन्।

बाग्लुङको बलेवास्थित त्रिभुवन माध्यमिक विद्यालयले बिहिबार विद्यालय परिसरमा आयोजित 'हीरक महोत्सव' लाई सम्बोधन गर्दै उनले शान्ति, सुशासन, विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्नुपर्ने दायित्वका लागि यो निर्वाचनलाई सफल पार्नुपर्ने बताएको उनको सचिवालयले जनाएको छ । हामीले ठूलो सङ्घर्ष र बलिदानबाट प्राप्त गरेको संविधान र सङ्घीय लोकतान्त्रिक गणतान्त्रिक शासन प्रणालीले शासनमा बसेकाहरूबाट दिगो शान्ति, सुशासन, विकास र समृद्धिको जनचाहना पूरा हुनुपर्छ । यो हामीले बिर्सन हुन्न राष्ट्रपतिले बताए।

जनताको हित र सेवालाई केन्द्रमा राखेर सुशासनको माध्यमबाट भ्रष्टाचार, ढिलासुस्ती, विकृतिको अन्त्य गरी विकासको गतिलाई तिव्रता दिनु आजको आवश्यकता भएको बताउँदै राष्ट्रपतिले परिवर्तित सन्दर्भमा नवपुस्ता र जनचाहनाअनुसार मुलुकलाई निकास दिने अहिलेको सर्वोत्तम उपाय निर्वाचन रहेको बताए।

राष्ट्रपति पौडेलले मुलुकलाई राजनीतिको दुष्चक्रमा पर्न नदिन आपसी समझदारी, समवन्य र सहकार्यबाटै निर्वाचनको महायज्ञलाई सफल पार्न आग्रह गरे । 'शिक्षा र रोजगारीका लागि युवा विदेश पलायन हुने समस्याले आज हामी सबैलाई चिन्तित तुल्याएको बताए । साथै शिक्षामा लगानी बढाएर शिक्षा र रोजगारीको लागि विदेशीने चिन्ताजनक अवस्थाको अन्त्य गर्न स्वदेशमै रोजगारी, उत्पादन र उद्यमशीलताका नवीन आयामहरूको विकासमा जोड दिनु हामी सबैको दायित्व रहेको स्मरण गराए।

राष्ट्रपति पौडेलले बदलिँदो विश्वमा गुणस्तरीय, प्रविधिमैत्री र मूल्यमा आधारित शिक्षाको आवश्यकता बढ्दै गएको उल्लेख गर्दै विद्यालयहरूले ज्ञानसँगै नैतिकता, सीप र संस्कार सिकाउनुपर्नेमा जोड दिए।

राष्ट्रको भविष्य र राष्ट्र निर्माणको आधारशिला नै शिक्षा भएको र यसलाई सरकारले सधैँ प्राथमिकता दिनुपर्ने उल्लेख गर्दै राष्ट्रपतिले देश विकासको लागि कृषिलाई आधुनिकीकरण, व्यावसापयकीकरण र औद्योगिकीकरण गर्ने शिक्षा नै अहिलेको आवश्यकता रहेको बताए। नवप्रवर्तन, अनुसन्धान र व्यावसायिक क्रियाकलापमार्फत शिक्षालाई उद्यमशीलतासँग जोड्दै जीवनोपयोगी बनाउनुपर्ने बताए। रासस

# सूचना प्रविधिको प्रयोगप्रति आयोग संवेनशील छ

**काठमाडौँ।**
निर्वाचन आयोगका कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगप्रति आयोग संवेनशील रहेको बताएका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को सन्दर्भमा आयोगका कम्प्युटर अपरेटरका लागि बिहिबारदेखि काठमाडौँमा सुरु भएको एकीकृत निर्वाचन व्यवस्थापन सूचना प्रणाली एवं साइबर सुरक्षासम्बन्धी तालिमको उद्घाटन गर्दै कार्यवाहक प्रमुख आयुक्त भण्डारीले सूचना प्रविधिमार्फत गत भदौ २३ र २४ गते भएको विद्रोहपछि आगामी फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचनको मिति तोकिएकाले यस निर्वाचनमा प्रविधिको प्रयोगप्रति संवेनशील रहेको बताए।

निर्वाचनको मिति घोषणा भइसकेपछि मतदाता नामावली संकलन गर्ने कार्य बन्द गर्नुपर्ने कानुनी व्यवस्था अध्यादेशमार्फत संशोधन गरिएपछि आयोगले यसपटक राष्ट्रिय परिचयपत्र प्रणालीसँग आयोगको मतदाता नामावली संकलन गर्ने प्रणाली एकीकृत गरी सहज ढंगबाट मतदाता नामावली संकलन गर्न सफल भएको उनले बताए । सूचना प्रविधिमार्फत फैलिन सक्ने मिथ्या सूचना, दुष्प्रचार, घृणास्पद अभिव्यक्ति न्यूनीकरणका लागि आयोगको सूचना प्रविधिमा कार्यरत सम्पूर्ण कर्मचारीको भूमिका महत्वपूर्ण हुने कार्यवाहक प्रमुख आयुक्त भण्डारीको भनाई छ।

निर्वाचन आचारसंहिता पूर्ण पालना, प्रचारप्रसार एवं मतदाता शिक्षा जनस्तरसम्म पु¥याउन सूचना प्रविधिको भूमिका महत्वपूर्ण हुने बताउँदै उनले आयोगमा कार्यरत दक्ष जनशक्तिले यसको सकारात्मक प्रयोगलाई प्रवद्र्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेमा आफू विश्वस्त रहेको उल्लेख गरे।

आयोगले सूचनाप्रविधिको प्रयोग गर्दै मतदाता नामावली दर्ता, मतदाता नामावली व्यवस्थापन, इभेन्ट ट्र्याकिङ सिस्टम, उम्मेदवारको खर्च व्यवस्थापन प्रणाली, अब्जर्भर व्यवस्थापन, उम्मेदवारको मनोनयपत्र दर्तादेखि निर्वाचनको परिणाम घोषणासम्म कार्य गर्दै आइरहेको छ।

यसैगरी बाह्य जिल्ला मतदाता नामावली दर्ता, प्रि इनरोलमेन्ट एवं राष्ट्रिय परिचयपत्र प्रणालीसँग आवद्धता गरेर आयोगले मतदाता नामावली संकलन गर्ने कार्यलाई सहज र पहुँचयोग्य बनाएको छ । आयोगका सचिव कृष्णबहादुर राउतले निर्वाचन व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिएर विगतदेखि नै कार्य हुँदै आएको उल्लेख गर्दै प्रविधिको तीव्र विकास र गतिसँगै यसलाई अवलम्बन गर्ने कार्यमा आयोग प्रयत्नशील रहेको बताए।

स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी एवं भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सूचना प्रविधिको सकारात्मक प्रयोग बढाउँदै यसबाट हुने नकारात्मक असर घटाउनुपर्ने उल्लेख गर्दै सचिव राउतले 'साइबर हाइजिन'का लागि यस प्रकारका तालिम फलदायी हुने बताए । तालिममा सात प्रदेश निर्वाचन कार्यालय र ७७ जिल्ला निर्वाचन कार्यालयका कम्प्युटर अपरेटरको सहभागिता रहेको छ। रासस

अन्तर्वार्ताः

# योग विज्ञान मात्रै होइन, महाविज्ञान होः डा क्षितिज बराकोटी

**काठमाडौँ ।**
जनवरी १५ तारेख 'बिहीबार' अर्थात राष्ट्रिय योग दिवस । 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने आदर्श वाक्यका साथ देशव्यापीरुपमा राष्ट्रिय योग दिवस मनाइँदैछ । विसं २०७२ साउन २८ गतेको मन्त्रिपरिषद् बैठकले माघ १ गतेलाई राष्ट्रिय योग दिवसका रुपमा मनाउने निर्णय गरेको थियो । शारीरिक, मानसिक, सामाजिक र आत्धात्मिक स्वास्थ्यका लागि योग अपरिहार्य बनेको छ । राष्ट्रिय योग दिवसको सन्दर्भमा योगको विभिन्न आयामबारे योग तथा प्राकृतिक चिकित्सक एवं त्रिभुवन विश्वविद्यालय, योग विज्ञान स्नातकोत्तर कार्यक्रमका प्राडा क्षितिज बराकोटीसँग राष्ट्रिय समाचार समिति (रासस)का समाचारदाता अशोक घिमिरेले गरेको कुराकानीको सम्पादित अंशः



**वास्तवमा योग के हो ?**
योग शब्दको उत्पत्ति जोडबाट सुरु भएको छ । योगको गहिरो अर्थ चै 'समाधि' हो । समाधिबाट योग प्रारम्भ हुन्छ । महर्षि पतञ्जलिले 'योगश्चित्तवृत्तिनिरोधः' भनेर योगलाई स्पष्ट पारेका छन् । चित्तका वृत्तिहरुलाई रोक्नु नै योग हो । श्रीम्भ्द्भागवत गीतामा 'योगःकर्मशु कौशलम्' अर्थात् कर्ममा कुशलता ल्याउने, निःस्वार्थ भावले कर्म गर्नु नै योग हो भनिएको छ । 'समत्वम् योग उच्यते' अर्थात् समभाव राख्नु नै योग हो । मनलाई स्थिर गर्दै विचारविहीन बनाएर शून्यतातर्फ लैजाने अभ्यास योग हो । समग्रमा चित्तका वृत्तिको निरोध, कर्ममा कुशलता र समभाव राख्नु, दुःख, सुख वा सम, विषम परिस्थितिमा पनि मनलाई सन्तुलनमा राख्नसक्नु नै योग हो । योगले शारीरिक, मानसिक, आध्यात्मिक, सामाजिकलगायत विभिन्न आयामलाई जोड्छ । यसआधारमा पनि योग समग्रता हो ।

**योगलाई विज्ञानका रुपमा पनि हेर्ने गरिएको छ । के साँच्चै योग विज्ञान नै हो त ?**
योग विज्ञान मात्रै नभई 'महाविज्ञान' हो । योगलाई तौलन, मापन गर्न र यसको नतिजा ठिक हो वा होइन भनेर परीक्षण गर्न सकिन्छ । योगका अभ्यासहरुलाई हेर्ने हो भने सुक्ष्म र स्थूल व्यायाम, आसन, प्राणायामलगायत पर्दछन् । यी अभ्यासबाट प्राप्त हुने नतिजाका बारेका अध्ययन भएका छन् । आधुनिक विज्ञानले यसलाई प्रमाणित गरिसकेको छ । आसन, प्राणायमलगायत योगाभ्यासबाट सकारात्मक नतिजा प्राप्त भएका छन् । यसलाई मापन गर्न सकिन्छ । शरीर तथा मन शुद्धी, रोग निवारणमा पनि योग प्रभावकारी देखिएका छन् । आसन, प्राणायाम, प्रत्याहार, धारणा र ध्यान विज्ञानको कसीमा उत्रिएका छन् । योगभ्यासले शरीरलाई विभिन्न किसिमबाट फाइदा पुगिरहेको हुन्छ ।

**योगबाट के कस्ता लाभ लिन सकिन्छ ?**
योगका असंख्य लाभ छन् । योगबाट शारीरिक, मानसिक, आध्यात्मिक, सामाजिक, आर्थिकलगायत फाइदा लिन सकिन्छ । योगले शरीरलाई सन्तुलित, लचिलो, सुगठित, नरम–कडा बनाउने, हड्डी र जोर्नीलाई लचिलो र बलियो बनाउने, शरीरलाई दोष (वात, पित्त र कफ) र रोग मुक्त बनाउने, पञ्चमहाभूतलाई सन्तुलनमा राख्ने काम गर्छ ।

योगमा शरीर शुद्धीका विभिन्न उपाय छन् । योगले मनलाई आनन्दित बनाउँछ । मनका लागि गरिएको अभ्यासले शरीरलाई फाइदा र शरीरका लागि गरिएको अभ्यासले मनका लागि फाइदा पु¥याउँछ । योगले नकारात्मक भावना हटाई सकारात्मक बनाउन सहयोग गर्छ । त्यसले मानसिक शान्ति र आनन्द पैदा हुन्छ । मन चिन्ता, तनाव, अवसानलगायत मानसिक रोगलाई नियन्त्रण गर्छ ।

योगले व्यक्तिलाई रुपान्तरित गर्छ । शारीरिक र मानसिकरुमपा स्वथ्य व्यक्तिले परिवार र समाजका लागि अमूल्य योगदान दिनसक्छ । अष्टाङ्गिक योगअन्तर्गतको यम र नियमको परिपालनाले सामाजिक सुव्यवस्था राम्रो बनाउँछ । नियमले व्यक्तिलाई अनुशासित बनाउँछ । अनुशासित व्यक्तिले समाजमा अहिंसा, सत्य, अस्तेय, अपरिग्रह र ब्रह्मचर्य सामाजिक नैतिकता प्रवद्र्धन गर्छ । जसले गर्दा समाजमा सुसबन्ध कायम गर्छ । सामाजिक समस्या आउन पाउँदैन ।

व्यक्ति, समाज ठीक हुँदै गएपछि चेतनाको स्तर उन्नत हुँदै जान्छ । योगबाट आध्यात्मिक चेतना अभिवृद्धि हुन्छ । यसबाट दया, माया, करुणाको भाव अभिवृद्धि हुन्छ । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले स्वास्थ्यको परिभाषाभित्र शारीरिक, मानसिक, सामाजिक र आद्यात्मिक स्वास्थ्यलाई समेटेको छ । यी सबै उपलब्धि योगबाट मात्रै सम्भव छ ।

**योगलाई चिकित्साका रुपमा पनि हेर्न सकिन्छ ?**
पछिल्लो समय योगलाई चिकित्साका रुपमा अध्ययन, अनुसन्धान र अवलम्बन गर्न थालिएको छ । विदेशका कतिपय अस्पतालमा आधुनिक चिकित्सा पद्धतिसँगै योगलाई पनि जोडेको पाइन्छ । रोगको रोकथाम, प्रवद्र्धन, पुनःस्थापना र सम्वद्र्धनमा योगको प्रभावकारिता पाउन सकिन्छ । रोग लाग्नै नदिने, लागेपछि उपचार गर्ने, शारीरिक र मानसिक पुनःस्थापनामा योग निकै प्रभावकारी देखिएको छ ।

समग्रतामा स्वास्थ्यका चारै आयामलाई जोड्ने काम योगले गर्दछ । छिमेकी मुलुक भारतमा प्राकृतिक चिकित्सा, आयुर्वेद, होमियोपेथी र आधुनिक चिकित्सामा पनि योगलाई जोडिएको पाइन्छ । नेपालमा पनि विस्तारै एकीकृत चिकित्सा प्रणालीको अभ्यास सुरु हुन थालेको छ । हरेक चिकित्सा पद्धतिमा योगलाई जोड्नु आवश्यक छ । यसबाट शरीर र मन ठीक हुँदै गएर औषधिले पनि प्रभावकारी काम गर्न सक्छ । औषधिको प्रभाव बढ्ने मात्र नभई हरेक रोगमा योगको पनि आफ्नै चिकित्सात्मक क्षमता छ । यस हिसाबबाट शारीरिक, मानसिक, सामाजिक, अध्यात्मिकलगायत सबै समस्यालाई योगाभ्यासमार्फत निराकरण गर्न सकिन्छ ।

**अहिलेको अतिव्यस्त दैनिकीमा योगको महत्व कस्तो छ ?**
अहिले प्रतिस्पर्धाको जिन्दगी र दैनिकी बढ्दो छ । मान्छेसँग समय छैन तर समय खेर फालेको पनि पत्तो पाएको छैन । सामाजिक सञ्जालमा घन्टौँ बिताउन समय बित्छ तर योगाभ्यासका लागि समय हुँदैन । शरीरलाई सक्रिय पार्दै मनलाई स्थिर राख्नुपर्नेमा मन सक्रिय र शरीर स्थिर छ । योगले शरीरलाई सक्रिय बनाउन र मनलाई स्थिर बनाउन सिकाउँछ । शरीर चलायमान भएपछि विकार र दोषहरु उत्पन्न हुन पाउँदैनन् । निष्कृय जीवनशैलीका कारण नसर्ने रोगको महामारी फैलिएको छ ।

आदिदैविक, आदिभौतिक र अद्यात्मिक रोग हटाउन योगले सहयोग गर्छ । भागदौडको जिन्दगीलाई शान्त बनाउने खालका अभ्यास योगले सुरु गर्छ । योगमार्फत मन खुसी, प्रशन्न र स्थिर हुन्छ । यसबाट तनाव कम हुन्छ । योगले सात्विकतालाई प्रवद्र्धन गर्छ । योगले सात्विक भोजन, विचार र जीवनशैली अपनाउन अभिप्रेरित गर्छ । व्यस्त दैनिकीमा योगलाई अङ्ग बनाउन सकियो भने जीवन सुमधुर बन्छ ।

**योगको बहुआयामिक उपयोग कसरी गर्न सकिन्छ ?**
यसवर्षको राष्ट्रिय योग दिवसको नारा 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' रहेको छ । मन समृद्ध छैन भने जीवनस्तर बढेर मात्रै समृद्धि प्राप्ति हुँदैन । पहिलो समृद्धि भनेको मन सुखी हुनु हो । स्वस्थ्य हुनु पनि समृद्धि हो । शरीर, मन र चेनाको समृद्धि हुनुप¥यो । योगलाई रोजगारको सशक्त माध्यम बनाउन सकिन्छ । योगका दक्ष जनशक्ति उत्पादन गर्न सकिएमा रोजगारी उच्च सम्भावना छ ।

पछिल्लो समय योग विश्वव्यापी रुपमा लोकप्रिय बन्दै गइरहेको छ । तपोभूमि, ऋषिभूमि नेपामा प्रशस्तै योग गुरु तयार गर्न सकिन्छ । नेपालबाट श्रमिक बनाएर मात्रै विदेशमा किन पठाउने ? योग गुरु बनाएर पठाउन सकिन्छ । योग गुरुका रुपमा विदेश जाँदा सम्मान र उचित अर्थोपार्जन पनि हुन्छ । योगलाई पर्यटनसँग पनि जोड्न सकिन्छ । नेपाल प्राकृतिकरुपमा अतिसुन्दर र मनमोहक छ ।

यहाँ थुप्रै तपोभूमि र साधना स्थल छन् । ठाउँठाउँमा अन्तर्राष्ट्रियस्तरको योग अनुसन्धान केन्द्र, योगग्राम, ध्यान केन्द्र र आश्रम निर्माण गर्न सकेको खण्डमा विदेशी पर्यटकलाई आकर्षित गर्न सकिन्छ ।

**योगले विश्व शान्तिका लागि कसरी योगदान दिन सक्छ ?**
योग यम र नियमको जग र अनुशासनमा उभिएको जीवनदर्शन हो । यमअन्तर्गत अहिंसा, सत्य, अस्तेय, अपरिग्रह र ब्रह्मचर्य पर्दछन् । मन, वचन र कर्मले हिंसा नगर्ने अवस्था नै शान्ति हो । अहिंसा नै पहिलो धर्म हो । जहाँ झुटो र बदमासी हुन्छ, त्यहाँ द्वन्द्व सिर्जना हुन्छ । सत्य बोल्ने अभ्यास योगले गराउँछ । जहाँ चोरी, ठगी हुन्छ, त्यहाँ कलह हुन्छ । धेरै कुरा जम्मा नगरेपछि लुछाचुँडी भएन ।

ब्रह्मको जस्तो शुद्ध आचारण गराउन योगले सिकाउँछ । लडाइँ, झगडा मात्रै अशान्ति होइन । व्यक्तिको मनमा पनि ठूलो द्वन्द्व छ । पहिला मन शान्त हुनु जरुरी छ । मन शान्त भएपछि मात्रै समाज, राष्ट्र र विश्व शान्तिका क्षेत्रका काम गर्न सकिन्छ । योगीमा मित्रता, दया, करुणा र मायासहितको चेतनाको भाव हुन्छ । अन्तहृदय निर्मल हुने व्यक्तिले युद्ध, हिंसाको बाटो लिंदैन ।

**एउटा व्यक्तिले यौगिक दिनचर्या कसरी अपनाउन सक्छ ?**
प्रत्येक दिनलाई योगमय बनाउन पहिला दक्ष प्रशिक्षकसँग योग सिकेर मानसिकरुपमा तयार हुनुपर्छ । सामाजिक सञ्जालमा राखेको भिडियोका आधारमा योगाभ्यास गर्नु उचित हुँदैन । गुरुको सान्निध्यमा योग सिकेको खण्डमा बढी लाभदायी हुन्छ । ब्रह्ममूहुर्तमा उठेर मलासनमा बसेर उषापान गर्न सकिन्छ । शरीर शुद्धी गरेर मात्रै योगाभ्यास गर्नु उचित हुन्छ ।

योगमा शरीर शुद्धीकरणका लागि षट्कर्म (धौती, वस्ती, नेती, नौली, त्राटक र कपालभाँती)का अभ्यास गर्न सकिन्छ । मन्त्र प्रार्थनाबाट योगाभ्यस सुरु गर्नुपर्छ । सदैव सकारात्मक भाव राख्नुपर्छ । सुक्ष्म व्यायाममा आँखा, गर्धन, हात, कम्मर, मेरुदण्ड, पेट, खुट्टाका अभ्यास गर्न सकिन्छ । स्थूल व्यायाममा उध्वगति, रज्जु आकर्षण क्रिया, रेखा गतिलगायत शरीर तताउने अभ्यास गर्न सकिन्छ । यी अभ्यास सकेपछि आसनमा प्रवेश गर्नु उचित हुन्छ ।

शरीरलाई शीतलता र उष्णता प्रदान गर्ने र सन्तुलन गर्ने प्राणायाम छन् । यी प्राणायामका अभ्यास ३० मिनेट गर्न सकिन्छ । इन्द्रियलाई वशमा राख्नका लागि प्रत्याहारको अभ्यास गर्न सकिन्छ । ज्ञानेन्द्रीय र कर्मेन्द्रीयलाई एकै ठाउँमा केन्द्रित गरेर धारणाको चरणमा पुग्न सकिन्छ । यसको अभ्यास बढाउँदै गएपछि धारणा स्वतः ध्यानमा रुपान्तरित हुन्छ । ध्यानको अभ्यासलाई बढाउँदै लैजाँदा ध्यान गरेको विषय हरायो, ध्यान गर्नेवाला पनि हराएपछि शून्य अवस्था हुन्छ । त्यहाँबाट बल्ल योग सुरु हुन्छ ।

यो नै समाधितर्फ उन्मुख हुने अवस्था हो । योग अभ्यासका क्रममा शरीर, मन र चेतनालाई एउटा दिशामा लयबद्ध गर्छौं ।

**योगाभ्यास एक घन्टा मात्रै गर्ने हो त ?**
होइन । योग २४ सै घन्टा गर्ने कुरा हो । कस्तो खालको योगाभ्यास गर्ने हो त्यो आफ्नो अवस्थाअनुसार छनोट गर्नुपर्छ । खाली पेटमा, खाना खाएपछि, बिरामी अवस्थामा र आरोग्यता प्राप्त गर्ने योगका आसनहरु छन् । ऋतु, शरिरको अवस्था, रोगअनुसार योग गर्नु उचित हुन्छ ।

आफ्नो अवस्थाअनुसार उपयुक्त अभ्यास गर्नुपर्छ । पट्कर्म, आसन, प्राणायाम सरलबाट जटिलखालका अभ्यास गर्नुपर्छ । भ्याएसम्म ब्रह्ममूहुर्तमा योगाभ्यास गर्नु राम्रो हुन्छ । बिहान उपयुक्त नहुनेले कार्यालयमा कामको सिलसिलामा मनलाई स्थिर राख्ने, शरीरलाई चलायमान बनाउने अभ्यास गर्न सकिन्छ । अहिले कर्पोरेट योगको निकै प्रचलन छ ।

कर्मचारी, शिक्षक, विद्यार्थीलाई कार्यालय समयको बीचबीचमा योगाभ्यास गराउँदा त्यसबाट सकारात्मक भावको विकाससँगै नतिजामा सुधार आउँछ । विद्यार्थीलाई प्राथनाका समयमा योग, ध्यान र प्राणायाम गराउन सकिन्छ । कुर्सीमा बसेरै आसन, प्राणायाम र ध्यान गर्न सकिन्छ । आसन, प्राणायाम र ध्यानलाई समेटेर योगमय दिनचर्या बनाउन सकिन्छ ।

योगबाट यौगिक आहार, सात्विक आहार, निःस्वार्थ सेवाको भाव लिन सकिन्छ । कार्यसम्पादन, चिन्तन मनन् गर्दा आफूलाई योगमय बनाउन सकिएको खण्डमा त्यसबाट निर्णाय क्षमता र स्मरण क्षमता पनि बढ्छ । कर्मचारी, विद्यार्थी, सुरक्षाकर्मी, व्यापारीलाई मात्रै होइन, सबैलाई योग अनिवार्य छ ।

**नेपालमा योग शिक्षाको अवस्था कस्तो छ ?**
नेपालमा औपचारिक योग शिक्षा विस्तारै अघि बढिरहेको छ । विद्यालय तहदेखि नै योगका विभिन्न आयामहरु समेटिन थालिएको छ । कतिपय विद्यालयमा छुट्टै योग गुरु नियुक्त गरेर अध्ययन अध्यापन भइरहेको छ ।

कक्षा ९, १०, ११ र १२ मा ऐच्छिक विषयका रुपमा १०० पूर्णाङ्कको पाठ्यक्रम पढाइ भइरहेको छ । प्रमाणपत्र तहमा प्राकृतिक चिकित्सासँगै योग शिक्षा पनि जोडिएको छ । नेपाल संस्कृत विश्वविद्यालयले छ महिने योग तथा प्राकृतिक चिकित्सा प्रशिक्षण, काठमाडौँ विश्वविद्यालयले स्नातक तहमा योग विज्ञान र आरोग्यता, त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहमा योग विज्ञान र एकवर्षे पोष्ट ग्ग्राजुयट तहको योग विज्ञान कार्यक्रम सञ्चालन गरिरहेको छ ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी)बाट पनि विभिन्न तालिम प्रशिक्षण सञ्चालन भइरहेको छ । निजी क्षेत्रबाट पनि २००–४०० घन्टे योग प्रशिक्षण चलिरहेको छ । नेपाल सरकारका विभिन्न क्षेत्रमा सेवा प्रवेश, पदोन्नतिलगायत विभिन्न तालिममा पनि योगलाई जोडिएको पाइन्छ ।

**अन्त्यमा, राष्ट्रिय योग दिवसका अवसरमा समाज र आमनागरिकका लागि यहाँको सन्देश ?**
यसवर्षको राष्ट्रिय योग दिवस 'स्वस्थ समाज, समृद्ध नेपाल र विश्व शान्तिका लागि योग' भन्ने आदर्श वाक्यका साथ मनाइँदै छ । जब व्यक्ति स्वस्थ हुन्छ, तब समाज पनि स्वस्थ हुन्छ । आफूबाटै रुपान्तरण सुरु गरौँ । आफूबाट गरिएका व्यवहारलाई समाजमा फैलाऔँ ।

आफ्नो स्वास्थ्यलाई समृद्ध बनाऔँ । समभावले मेहनत गरौँ, कुशल ढङ्गले कर्म गरौँ । देशलाई योगमय बनाऔँ । अन्तर्राष्ट्रिय पर्यटक योग सिक्न नेपालमा आउने वातावरण बनाऔँ । योगको वैश्विक नेतृत्व नेपालले गरौँ । मन शान्ति भएपछि मात्रै विश्व शान्ति सम्भव छ । स्वस्थ, समृद्धि र शान्तिलाई जोड्ने काम योगले गर्छ । योग गरौँ, स्वस्थ बनौँ, समाजमा सकारात्मक भावना फैलाऔँ । विश्व बन्धुत्वका लागि काम गरौँ । यसैमा सबैको कल्याण छ । रासस

# बजेट अर्धवार्षिक समीक्षाः

# आम्दानी ३८, खर्च ३५ प्रतिशत

**काठमाडौँ।**
चालु आर्थिक वर्ष २०८२/८३ को अर्धवार्षिक समीक्षा अवधिमा सरकारको आम्दानी र खर्च दुवै कमजोर देखिएको छ। महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा वार्षिक लक्ष्यको तुलनामा केन्द्र सरकारको आम्दानी ३८ र खर्च ३५ प्रतिशतमा खुम्चिएको छ।




चालु आर्थिक वर्षका लागि सरकारले रु १९ खर्ब ६४ अर्ब ११ करोडको बजेट ल्याएको थियो। पुस मसान्तसम्ममा रु छ खर्ब ९० अर्ब २१ करोड ५४ लाख बराबर खर्च भएको छ। जुन वार्षिक लक्ष्यको ३५ दशमलव १४ प्रतिशत हुन आउँछ।

यो अवधिको चालुगत शीर्षकको बजेट खर्च वार्षिक लक्ष्यको ४१ दशमलव २५ प्रतिशत छ। चालु शीर्षकमा रु ११ खर्ब ८० अर्ब ९८ करोड बजेट विनियोजन भएकोमा हालसम्म रु चार खर्ब ८७ अर्ब १४ करोड ३१ लाख खर्च भएको छ।

पुँजीगत शीर्षकको बजेट खर्च १२ दशमलव १२ प्रतिशतमा खुम्चिएको छ। चालु आवका लागि रु चार खर्ब सात अर्ब ८८ करोड ८० लाख बराबरको विकास बजेट ल्याइएकोमा हालसम्म रु ४९ अर्ब ४२ करोड ५४ लाख बराबर मात्रै खर्च हुन सकेको हो।

त्यस्तै, वित्तीय व्यवस्था शीर्षकमा चालु आवका लागि रु तीन खर्ब ७५ अर्ब २४ करोड २० लाख बजेट छुट्याइएकोमा पुस मसान्तसम्ममा रु एक खर्ब ५३ अर्ब ६४ करोड ४९ लाख बराबर खर्च भएको छ। यो शीर्षकको खर्च वार्षिक विनियोजनको ४० दशमलव ९५ प्रतिशत हो।

यस वर्ष सरकारले रु १५ खर्ब ३३ अर्ब ४४ करोड ६९ लाख कूल आम्दानी गर्ने लक्ष्य राखेको छ। पुस मसान्तसम्मको प्राप्ति भने रु पाँच खर्ब ८८ अर्ब ५१ करोड ४२ लाखअर्थात् वार्षिक लक्ष्यको ३८ दशमलव ३८ प्रतिशत छ। यसरी सरकारको अर्धवार्षिक अवधिको कूल आम्दानीभन्दा कूल खर्च रु एक खर्ब एक अर्ब ७० करोड १२ लाखले बढी देखिएको छ।

राजस्वतर्फ रु १४ खर्ब ८० अर्बको वार्षिक लक्ष्य रहेकोमा हालसम्म ३९ दशमलव ०१ प्रतिशतअर्थात् रु पाँच खर्ब ७७ अर्ब ४० करोड प्राप्ति भएको छ।

जसमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ३८ दशमलव ९३ प्रतिशतअर्थात् रु पाँच खर्ब १६ अर्ब ११ करोड ५१ लाख र गैरकर राजस्वतर्फ वार्षिक लक्ष्यको ३९ दशमलव ६९ प्रतिशतअर्थात् रु ६१ अर्ब २८ करोड ४८ लाख प्राप्ति भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ। यस आवमा रु ५३ अर्ब ४४ करोड ६९ लाख बराबर वैदेशिक अनुदान लिने सरकारको लक्ष्य रहेकोमा अर्धवार्षिक समीक्षा अवधिसम्ममा रु सात अर्ब १० करोड ६९ लाखअर्थात् वार्षिक लक्ष्यको १३ दशमलव तीन प्रतिशत उठेको पनि कार्यालयले जनाएको छ।

# कर छुटको सुविधा चैत मसान्तसम्म




**गण्डकी।**
पोखरा महानगरपालिकाको १८ औँ नगरसभाले पुस मसान्तसम्मको लागि तोकिएको कर छुटको समयावधिलाई आगामी चैत मसान्तसम्म बढाएको छ।

राजस्व सङ्कलन प्रणालीमा आएको समस्याका कारण सेवाग्राही मर्कामा पर्नसक्ने अवस्थालाई दृष्टिगत गर्दै नगरसभाले उक्त समयावधि थप्ने निर्णय गरेको हो।

चालु आर्थिक वर्षमा पुस मसान्तभित्र कर बुझाउने करदातालाई १० प्रतिशत छुट दिने आर्थिक ऐनको प्रावधान भएपनि महानगरको राजस्व सङ्कलन प्रणालीमा समस्या आउँदा कर तिर्न आएका सर्वसाधारण फर्किनुपर्ने अवस्था सिर्जना भएको महानगरका सूचना अधिकारी कृष्णप्रसाद तिवारीले जानकारी दिए।

सेवाग्राहीले चाहेर पनि राजस्व सङ्कलन प्रणालीको समस्याका कारण कर तिर्न नसकेकाले कर छुटको समयलाई चैत मसान्तसम्म बढाइएको उनले बताए। यसअघि प्रणालीमा देखिएको समस्याका कारण सेवाग्राही मर्कामा परेका भन्दै उक्त छुटको समयावधि बढाउन वडा १३ का वडाध्यक्ष किरण बरालले ध्यानाकर्षणपत्र बुझाएका थिए।

# जासुसी आरोपमा बेलायती कूटनीतिज्ञ निष्कासित

**मस्को।**
रुसी अधिकारीहरूले जासुसी गरेको आरोप लगाउँदै बिहीबार मस्कोस्थित बेलायती दूतावासका एक कूटनीतिज्ञलाई देश छोड्न आदेश दिएका छन्। यस कदमले रुस र बेलायतबीच पहिल्यै तनावग्रस्त सम्बन्धलाई थप चिस्याएको छ। रुसको सङ्घीय सुरक्षा सेवा एफएसबीले दूतावासका ती कर्मचारीमाथि बेलायती गुप्तचर सेवाका लागि काम गरेको आरोप लगाएको छ। तर एफएसबीले आरोप पुष्टि गर्ने कुनै ठोस प्रमाण सार्वजनिक गरेको छैन।

रुसको विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा उक्त कूटनीतिज्ञको मान्यता रद्द गरिएको र उनले अब दुई हप्ताभित्र देश छोड्नुपर्ने जनाएको छ। यस निर्णयबारे जानकारी दिन मन्त्रालयले रुसमा बेलायतका चार्ज डी'एफेयर्स डाने ढोलकियालाई मस्कोस्थित मुख्यालयमा बोलाएको थियो।

विदेश मन्त्रालयको वक्तव्यमा भनिएको छ, 'रुसमा अघोषित बेलायती गुप्तचर अधिकारीहरूको गतिविधिलाई मस्कोले कदापि सहन सक्तैन।' साथै, यस विषयमा लन्डनबाट गरिने कुनै पनि कारबाहीको उपयुक्त जवाफ दिने चेतावनी पनि दिइएको छ। यस घटनाप्रति बेलायती सरकारबाट तत्काल कुनै आधिकारिक प्रतिक्रिया आएको छैन।

सन् २०२२ को फेब्रुअरीमा क्रेमलिनले युक्रेनमा सैन्य कारबाही सुरु गरेपछि रुस र नाटो सदस्य राष्ट्रहरूबीचको सम्बन्ध शीतयुद्धपछिकै सबैभन्दा तल्लो तहमा पुगेको छ। त्यसयता दुवै पक्षले कूटनीतिज्ञहरूको आपसी निष्कासनका थुप्रै चरणहरू पार गरिसकेका छन्।

यसअघि पनि मस्कोले सन् २०२५ को मार्च महिनामा जासुसीको आरोप लगाउँदै मस्कोमा कार्यरत दुई जना बेलायती कूटनीतिज्ञलाई निष्कासन गरेको थियो। त्यसबेला बेलायतले ती आरोपहरूलाई 'दुर्भावनापूर्ण र पूर्ण रूपमा आधारहीन' भन्दै कडा आपत्ति जनाएको थियो। रासस

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट

**काठमाडौँ।**
स्थानीय बजारमा सुनचाँदीको मूल्यमा सामान्य गिरावट भएको छ। विगत चार दिनदेखि निरन्तर उकालो लागेको सुन र चाँदीको मूल्य केही कम भएको हो। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बिहीबार एक तोला सुनको मूल्य रु दुई लाख ७६ हजार ५०० त्यति नै चाँदीको मोल रु पाँच हजार ४८५ कायम भएको छ।

बुधबार एक तोला सुन रु दुई ७८ हजार र त्यति नै चाँदीको मोल रु पाँच हजार ६५५ मा कारोबार भएको थियो। मङ्गलबार एक तोला सुन रु दुई लाख ७६ हजार ५०० र त्यति नै चाँदीको मोल रु पाँच हजार ३४० मा कारोबार भएको थियो। गत आइतबार प्रतितोला रु दुई लाख ७० हजार ६०० मा कारोबार भएको छापावाला सुन बुधबार तोलामा रु चार हजार १०० ले बढेर दुई लाख ७४ हजार ७०० कायम भएको थियो। अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार बिहीबार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ६३८ र त्यति नै परिमाणको सेतो धातु ९२ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

# विदेशी मुद्राको विनिमयदर



**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले बिहीबारका लागि विदेशी मुद्राको विनिमयदर निर्धारण गरेको छ। निर्धारित विनिमयदरअनुसार अमेरिकी डलर एकको खरिददर १४४ रुपैयाँ १८ पैसा र बिक्रीदर १४४ रुपैयाँ ७८ पैसा तोकिएको छ। यस्तै, युरोपियन युरो एकको खरिददर १६७ रुपैयाँ ९४ पैसा र बिक्रीदर १६८ रुपैयाँ ६४ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर १९३ रुपैयाँ ८८ पैसा र बिक्रीदर १९४ रुपैयाँ ६९ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर १७९ रुपैयाँ ९४ पैसा र बिक्रीदर १८० रुपैयाँ ६९ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ९६ रुपैयाँ ३१ पैसा र बिक्रीदर ९६ रुपैयाँ ७१ पैसा, क्यानेडियन डलर एकको खरिददर १०३ रुपैयाँ ८२ पैसा र बिक्रीदर १०४ रुपैयाँ २५ पैसा, सिङ्गापुर डलर एकको खरिददर १११ रुपैयाँ ९५ पैसा र बिक्रीदर ११२ रुपैयाँ ४१ पैसा तोकिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ०८ पैसा र बिक्रीदर नौ रुपैयाँ १२ पैसा, चिनियाँ युआन एकको खरिददर २० रुपैयाँ ६८ पैसा र बिक्रीदर २० रुपैयाँ ७६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३८ रुपैयाँ ४४ पैसा र बिक्रीदर ३८ रुपैयाँ ६० पैसा, कतारी रियाल एकको खरिददर ३९ रुपैयाँ ४५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ६१ पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ५८ पैसा र बिक्रीदर चार रुपैयाँ ६० पैसा, युएई दिराम एकको खरिददर ३९ रुपैयाँ २५ पैसा र बिक्रीदर ३९ रुपैयाँ ४२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३५ रुपैयाँ ६२ पैसा र बिक्रीदर ३५ रुपैयाँ ७७ पैसा, साउथ कोरियन वन १०० को खरिददर ९ रुपैयाँ ७७ पैसा र बिक्रीदर ९ रुपैयाँ ८१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १५ रुपैयाँ ६६ पैसा र बिक्रीदर १५ रुपैयाँ ७३ पैसा र डेनिस क्रोनर एकको खरिददर २२ रुपैयाँ ४८ पैसा र बिक्रीदर २२ रुपैयाँ ५७ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १८ रुपैयाँ ४९ पैसा र बिक्रीदर १८ रुपैयाँ ५७ पैसा, कुवेती दिनार एकको खरिददर ४७१ रुपैयाँ ४८ पैसा र बिक्रीदर ४७३ रुपैयाँ ४५ पैसा, बहराइन दिनार एकको खरिददर ३८२ रुपैयाँ ४० पैसा र बिक्रीदर ३८४ रुपैयाँ, ओमनी रियाल एकको खरिददर ३७४ रुपैयाँ ५१ पैसा र बिक्रीदर ३७५ रुपैयाँ ०७ पैसा रहेको छ। भारतीय रुपैयाँ एक सयको खरिददर १६० रुपैयाँ र बिक्रीदर १६० रुपैयाँ १५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले यो विनिमयदरलाई आवश्यकतानुसार जुनसुकै समयमा संशोधन गर्न सकिने जनाएको छ। वाणिज्य बैंकले तोक्ने विनिमयदर भने फरक हुनसक्ने र अद्यावधिक विनिमयदर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ।

# चार अन्तरिक्ष यात्री पृथ्वी फर्कँदै



**फ्लोरिडा।**
चिकित्सकीय हेरचाह आवश्यक परेपछि नासाले इतिहासमै पहिलोपटक मेडिकल निकासी प्रक्रिया अपनाउँदै चार अन्तरिक्ष यात्रीलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन (आइएसएस) बाट पृथ्वी फर्काउने निर्णय गरेको छ। बुधबार एक जना बिरामी अन्तरिक्ष यात्रीसहित तीन जना चालक दलका सदस्यले आइएसएसबाट प्रस्थान गरेका हुन्। अमेरिका, रुस र जापानका चारै जना अन्तरिक्ष यात्री स्पेसएक्सको क्याप्सुलमार्फत बिहीबार बिहान सान डिएगो नजिकै प्रशान्त महासागरमा सुरक्षित स्प्ल्यासडाउन गर्ने लक्ष्यमा छन्। यस निर्णयका कारण उनीहरूको मिसन एक महिनाभन्दा बढी छोटिएको नासाले जनाएको छ। नासाकी अन्तरिक्ष यात्री जेना कार्डम्यानले फिर्ती यात्राअघि भनिन् हाम्रो प्रस्थान समय अप्रत्याशित भए पनि यो चालक दल परिवारझैँ एक–अर्काको हेरचाह गर्दै एकताबद्ध भएको देख्नु प्रेरणादायी रह्यो। अधिकारीहरूले चिकित्सकीय गोपनीयताको कारण बिरामी अन्तरिक्ष यात्रीको पहिचान र स्वास्थ्य अवस्थाबारे विवरण सार्वजनिक नगरेको बताए। यद्यपि निवर्तमान स्टेशन कमान्डर माइक फिन्केले सामाजिक सञ्जालमार्फत उक्त अन्तरिक्ष यात्री 'स्थिर, सुरक्षित र राम्रोसँग हेरचाहमा' रहेको जानकारी दिइन्। उनका अनुसार, विस्तृत चिकित्सकीय मूल्याङ्कन पृथ्वीमै गर्न उपयुक्त हुने भएकाले यो निर्णय लिइएको हो। गत अगस्टमा प्रक्षेपण गरिएका कार्डम्यान, फिन्के, जापानका किमिया युई र रुसका ओलेग प्लाटोनोभ फेब्रुअरीको अन्त्यसम्म स्टेशनमा बस्ने योजना थियो। तर जनवरी ७ मा नासाले आकस्मिक रूपमा स्पेसवाक रद्द गर्दै चालक दल चाँडै फर्कने घोषणा गरेको थियो। स्वास्थ्य समस्या कुनै आपतकालीन नभएको र स्टेशन सञ्चालनसँग सम्बन्धित पनि नरहेको नासाले स्पष्ट पारेको छ।

नासाले स्पेसएक्सको नियमित प्रवेश र स्प्ल्यासडाउन प्रक्रिया नै अपनाइने र प्रशान्त महासागरमा रहेको रिकभरी जहाजमा चिकित्सकहरूको टोली तयारी अवस्थामा रहने जनाएको छ। अवतरणपछि चारै जना अन्तरिक्ष यात्रीलाई क्यालिफोर्नियाबाट ह्युस्टनस्थित जोन्सन स्पेस सेन्टर लैजाने समयतालिका भने अझै तय भइसकेको छैन।

हाल आइएसएसमा एक जना अमेरिकी र दुई जना रूसी अन्तरिक्ष यात्री रहिरहनेछन्। नासा र स्पेसएक्सले फेब्रुअरीको मध्यतिर फ्लोरिडाबाट नयाँ चार सदस्यीय टोली प्रक्षेपण गर्ने तयारी गरिरहेका छन्। कम्प्युटर मोडलिङले प्रत्येक तीन वर्षमा मेडिकल निकासी आवश्यक पर्न सक्ने देखाए पनि नासाले ६५ वर्षको मानव अन्तरिक्ष उडान इतिहासमा यस्तो कदम चाल्नु पहिलोपटक हो। विगतमा सन् १९८५ मा सोभियत अन्तरिक्ष यात्री भ्लादिमिर भास्युटिन स्वास्थ्य समस्याका कारण साल्युट–७ स्टेशनबाट चाँडै फर्किएका थिए। नासाका नयाँ प्रशासक जारेड आइज्याकम्यानको कार्यकालको पहिलो प्रमुख निर्णय यही मेडिकल निकासी बनेको छ। रासस

# पुष मसान्तसम्म ५ खर्ब ८१ अर्ब राजस्व संकलन

**काठमाडौँ।**
चालु आर्थिक वर्ष २०८२/८३ को पुस ३० गतेसम्म सरकारले ५ खर्ब ८१ अर्ब ४१ करोड रुपैयाँ राजस्व सङ्कलन गरेको छ। पुससम्मको लक्ष्य ७ खर्ब ११ अर्ब २१ करोड रुपैयाँ रहेकामा हालसम्म लक्ष्यको ८१.७५ प्रतिशत मात्र सङ्कलन भएको हो।

सरकारले चालु आर्थिक वर्षका लागि कुल १४ खर्ब ८० अर्ब रुपैयाँ राजस्व उठाउने लक्ष्य लिएको छ। तर, आर्थिक वर्षको पहिलो छ महिनामा नै करिब १ खर्ब ३० अर्ब रुपैयाँ बराबरको लक्ष्य पूरा हुन नसकेको देखिन्छ। पुस महिनाका लागि मात्र तोकिएको १ खर्ब ९० अर्ब ७७ करोड रुपैयाँ लक्ष्यको तुलनामा १ खर्ब ७१ अर्ब ६३ करोड रुपैयाँ राजस्व उठेको छ, जुन लक्ष्यको ८९.९६ प्रतिशत हो। पुस ३० गते एकै दिन २० अर्ब २६ करोड रुपैयाँ राजस्व सङ्कलन भएको अर्थ मन्त्रालयले जनाएको छ।

गत आर्थिक वर्ष २०८१/८२ को तथ्यांकसँग तुलना गर्दा यस वर्ष राजस्व सङ्कलनमा सामान्य सुधार देखिए पनि लक्ष्यअनुसारको प्रगति भने कमजोर देखिएको छ। गत वर्ष २०८१÷८२ मा वार्षिक राजस्व लक्ष्य १४ खर्ब १९ अर्ब ३० करोड रुपैयाँ रहेको थियो।

त्यस वर्ष पुससम्मको लक्ष्य ६ खर्ब ७२ अर्ब ८१ करोड रुपैयाँ तोकिएकोमा पुस २९ गते (मसान्त) सम्म ५ खर्ब ६७ अर्ब ४० करोड रुपैयाँ मात्र सङ्कलन भएको थियो। त्यस्तै, गत वर्ष पुस महिनामा १ खर्ब ६१ अर्ब ६२ करोड रुपैयाँ राजस्व उठेको थियो।

अर्थविद्हरूका अनुसार आर्थिक गतिविधिमा सुस्तता, आयातमा अपेक्षित वृद्धि नहुनु र निजी क्षेत्रको लगानी कमजोर रहनुले राजस्व सङ्कलनमा दबाब परेको छ। आगामी महिनामा राजस्व लक्ष्य पूरा गर्न सरकारलाई आर्थिक गतिविधि चलायमान बनाउने नीतिगत पहल आवश्यक देखिएको छ।

# धितोपत्र बोर्डद्वारा सय बढी कम्पनीलाई कारवाही

**काठमाडौँ।**
नेपाल धितोपत्र बोर्ड (सेबोन) ले एक सय भन्दा बढी कम्पनीलाई कारवाही गरेको छ। बोर्डले आर्थिक वर्ष २०८१/८२ मा नियम नमान्ने एक सय एक कम्पनीलाई कारवाही गरेको हो। बोर्डको कारवाहीमा पर्नेमा दुई वटा ब्रोकर कम्पनी छन् भने एउटा मर्चेन्ट बैंकर, एउटा हाइड्रोपावर कम्पनी, एउटा बीमा कम्पनी र ९६ वटा सूचीकृत संस्था छन्।




समयमा वित्तीय विवरण नबुझाएको, सम्पत्ति शुद्धिकरण सम्बन्धी निर्देशन पालना नगरेको, सेयर बाँडफाँडमा पारदर्शिता नदेखाएको तथा नियामकीय प्रावधानको उल्लंघन गरेको कारण ती कम्पनीहरुलाई कारवाही गरिएको बोर्डले जनाएको छ।

बोर्डले जारी गरेको सूचना अनुसार कारवाहीस्वरुप ब्रोकर कम्पनीलाई ५/५ हजार रुपैयाँ, १६ सूचीकृत संस्थालाई एक÷एक लाख रुपैयाँ, ६९ कम्पनीलाई ५०/५० हजार रुपैयाँका दरले जरिवाना गरिएको छ। कारवाहीमा परेका केही कम्पनीलाई भने लिखित चेतावनी र निर्देशन दिइएको बोर्डले जनाएको छ।

एक सय एक कम्पनीलाई गरिएको कारवाहीबाट ५० लाख ६० हजार रुपैयाँ जरिवाना असुल गरिएको बोर्डले जनाएको छ।

# विपन्न महिलालाई न्यानो कम्बल वितरण



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल प्रहरी श्रीमती संघले नेपाल प्रहरीको सहकार्यमा पर्साको पोखरिया नगरपालिकामा न्यानो कम्बल वितरण गरेको छ । बढ्दो जाडोलाई मध्यनजर गर्दै आयोजित उक्त कार्यक्रम अन्तर्गत दलित, गरिब, अतिविपन्न तथा अशक्त महिलालाई लक्षित गरी २०० जनालाई न्यानो कम्बल वितरण गरिएको हो ।

पोखरिया नगरपालिका–स्थित जिल्ला उच्चाङ्गल रामदेव कलवार उच्च माध्यमिक विद्यालयको प्राङ्गणमा आयोजित कार्यक्रममा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष नबिना खत्री कार्कीले चिसो मौसममा न्यानो कम्बलले विपन्न वर्गलाई केही राहत मिल्ने विश्वास व्यक्त गर्दै मानवीय सेवामा प्रहरी परिवारको भूमिका महत्वपूर्ण रहेको बताइन् ।

कार्यक्रमका विशिष्ट अतिथिहरूमा नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आईजीपी) दानबहादुर कार्की, मधेश प्रदेश प्रहरी नायब महानिरीक्षक गोविन्द थपलिया, नेपाल प्रहरी श्रीमती संघकी बरोडा बराल थपलिया तथा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक (एसपी) सुदिपराज पाठक रहेका थिए भने अतिथिहरूले संयुक्त रूपमा लक्षित महिलाहरूलाई कम्बल वितरण गरेका थिए ।

पोखरिया नगरपालिकाका मेयर प्रद्युम्न प्रसाद चौहानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पूर्व मेयर दीपनारायण प्रसाद रौनियार, उपमेयर रुबी ठाकुर, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक प्रदीप पौडेल, वडा अध्यक्ष लक्ष्मण साह कानु लगायत समाजसेवी, जनप्रतिनिधि तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा वक्ताहरूले जाडो मौसममा गरिब तथा असहाय समुदायको जीवन थप कष्टकर हुने उल्लेख गर्दै यस्ता सामाजिक तथा मानवीय कार्यक्रमले राज्यप्रतिको भरोसा बढाउने र समुदायसँग प्रहरीको सम्बन्ध अझ सुदृढ बनाउने बताए । सहभागी महिलाहरूले न्यानो कम्बल पाएपछि खुशी व्यक्त गर्दै नेपाल प्रहरी श्रीमती संघप्रति आभार प्रकट गरेका थिए । नेपाल प्रहरी श्रीमती संघले आगामी दिनमा पनि विपन्न, असहाय तथा सीमान्तकृत समुदाय लक्षित सामाजिक कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

यसैविच नेपाल प्रहरी श्रीमती सङ्घद्वारा बारा जिल्लाको महागढीमाई नगरपालिका वडा नम्बर–१०, गंजभवानीपुरमा न्यानो कपडा वितरण गरिएको छ । कार्यक्रममा बोल्दै प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजसेवा र मानवीय सहयोग नेपाल प्रहरीको महत्वपूर्ण दायित्व रहेको उल्लेख गर्दै यस्ता कार्यक्रमले समुदायसँगको सम्बन्ध अझ सुदृढ हुने विश्वास व्यक्त गरे । स्थानीय जनप्रतिनिधि, प्रहरी अधिकारी तथा स्थानीयवासीको उपस्थितिमा सम्पन्न कार्यक्रममा दर्जनौँ विपन्न परिवारलाई न्यानो कपडा वितरण गरिएको थियो ।

# प्रदीप यादव केन्द्रिय समन्वय समिति सदस्य

**मधेशदृष्टि**
**वीरगंज ।**
जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) बीच भएको एकतापछि गठित जसपा नेपालको केन्द्रिय समन्वय समितिले पर्साका नेता तथा पूर्वमन्त्री प्रदीप यादवलाई पनि केन्द्रिय समन्वय समिति सदस्य बनाएको छ ।

यादवसंगै पर्साबाट लालबाबु राउत, लक्ष्मणलाल कर्ण र रमेश कर्मी गरी ४ जना जसपा नेपालको केन्द्रिय समन्वय समिति सदस्य बनेका छन् ।

पुस २७ गते दुई दलबीच भएको औपचारिक एकतापत्र सार्वजनिक गर्ने क्रममा हतार हतार भएका कारण अन्जानवश आफ्नो नाम छुट्न गएको भन्दै यादवले तर निर्वाचन आयोगमा अद्यावधिक नामावली पेस गर्ने क्रममा केन्द्रिय समन्वय समिति सदस्यमा भने आफ्नो नाम समावेश रहेको बताए ।

अशोक राई नेतृत्वको जसपाको उपमहासचिव रहेका यादव दुई हप्ताअघि उपेन्द्र यादव नेतृत्वको जसपा नेपालमा पार्टी समाहित गर्दै प्रवेश गरेका थिए । उनिसंगै नेतृ रेणु यादवपनि जसपा नेपालमा प्रवेश गरेकी थिइन् ।




# देशभर धुमधामका साथ माघे सङ्क्रान्ति मनाइयो, पर्सामा माघी महोत्सवहरूको रौनक

**हरिशंकर शर्मा**
**वीरगंज ।**
माघ १ गते बिहीबार देशभर माघे सङ्क्रान्ति पर्व श्रद्धा, भक्ति र उत्साहका साथ मनाइएको छ । सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्ने दिन भएकाले यसलाई मकर सङ्क्रान्ति पनि भनिन्छ । यही दिनदेखि उत्तरायण सुरु हुने धार्मिक मान्यताअनुसार दिन लामो र रात छोटा हुँदै जान्छन् । उत्तरायण आरम्भ हुने दिन स्नान, जप, तपस्या, ध्यान र दानलाई विशेष पुण्यदायी मानिने भएकाले देवघाट, त्रिशूली, कालीगण्डकी, वाग्मती, इन्द्रावती, त्रिवेणी, रिडी लगायतका तीर्थस्थलहरूमा बिहानैदेखि माघ स्नान गर्ने भक्तजनको घुइँचो लागेको थियो ।





तराई क्षेत्रमा माघ १ लाई 'नहान' अर्थात् नुहाउने पर्वका रूपमा मनाइन्छ । यस दिन घ्यू, चाकु, तिलका परिकार, तरुल, पालुङ्गो र खिचडी खाने परम्परा रहेको छ । माघे सङ्क्रान्तिको अवसरमा विभिन्न स्थानमा मेला तथा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिएका छन् ।

यसै अवसरमा माघी महोत्सव मूल समारोह समिति पर्साले वीरगंजमा आदिवासी थारु समुदायको नयाँ वर्ष २६५० को उपलक्ष्यमा भव्य कार्यक्रम आयोजना गरेको छ । शुभकामना आदान–प्रदान, सांस्कृतिक प्रस्तुति तथा ¥यालीसहित विविध कार्यक्रम सम्पन्न भएका छन् । कार्यक्रम संयोजक जङ्गबहादुर चौधरीका अनुसार थारु समुदायको परम्परा, संस्कृति र पहिचान उजागर गर्ने उद्देश्यले वीरगंज नगर परिक्रमा गरी सांस्कृतिक ¥याली निकालिएको थियो । ¥यालीपछि वीरगंजस्थित स्वीमिङ पुल क्षेत्रमा विशेष कार्यक्रमहरू गरिएको थियो ।

कार्यक्रममा थारु समुदायका मौलिक नृत्य–गीत, सामा–चकेवा, झम्टा, पूर्वी नाच, बालबालिकाद्वारा प्रस्तुत गीत–नृत्य तथा बाल कला प्रदर्शनी प्रस्तुत गरिएको थियो । साथै घोंगी, केकडा, माछा, परेवा, हाँस, कुखुरा, चिचरलगायत परम्परागत थारु खानाका परिकारहरूको प्रदर्शनीले कार्यक्रमलाई थप आकर्षक बनाएको थियो ।

यसैगरी पर्साको सखुवाप्रसौनी गाउँपालिका–स्थित श्रीपुर पचगाँवामा आयोजित माघी विशेष कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य सुरेन्द्र चौधरीले देश जटिल मोडमा रहेको उल्लेख गर्दै सबैले स्वार्थ त्यागी जनहितमा लाग्नुपर्ने आवश्यकता औँल्याए । उनले थारु समुदायको विशिष्ट संस्कृति र पहिचान नेपालको गौरव भएको बताए । कार्यक्रममा थारु समुदायका अगुवा तथा विभिन्न क्षेत्रका व्यक्तिहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

त्यस्तै जिराभवानी गाउँपालिका वडा नं. ३ नौकाटोला चौकमा माघी महोत्सव भव्य रूपमा सम्पन्न भएको छ । गाउँपालिकाको आयोजना तथा वडा नं. ३ का युवा समाजको व्यवस्थापनमा सम्पन्न महोत्सव वडाध्यक्ष सुरज राय थारुको सभापतित्व तथा मधेश प्रदेश सरकारका वन तथा वातावरण मन्त्री शंकर प्रसाद चौधरीको प्रमुख आतिथ्यमा भएको थियो । सहभागीहरूले कुटो, कोदालो, माछा मार्ने खोखी, डेली लगायत सामग्री बोकी बाजागाजासहित गाउँ परिक्रमा गरेका थिए ।



महोत्सवमा वक्ताहरूले माघी पर्वको शुभकामना व्यक्त गर्दै थारु समुदायको भाषा, कला, संस्कृति र खानाको संरक्षणमा जोड दिए । लागूऔषध दुव्र्यसन र अनावश्यक भोजभत्तेर घटाउन आग्रह पनि गरिएको थियो । राष्ट्रिय थारु कलाकार मुस्कान चौधरी, निशा चौधरी र नेपाली निरहुवाको प्रस्तुति मुख्य आकर्षण बनेको थियो । यसैगरी पटेर्वासुगौली गाउँपालिकामा थारु सम्बत् २६५० तथा पाँचौं माघी खिचडी महोत्सव हर्षोल्लासका साथ सम्पन्न भएको छ । गाउँपालिका अध्यक्ष दिनेश कुमार चौधरीको सभापतित्वमा आयोजित महोत्सवमा स्वस्तिका चौधरी, सागर चौधरी र नेपाली निरहुवाले दर्शकलाई झुमाएका थिए । नृत्य प्रतियोगितामा पकडिया युनिक ग्रुप प्रथम, ब्रह्मबाबा समूह द्वितीय र गुदरबाबा समूह तृतीय भएका छन् ।

यसरी माघे सङ्क्रान्ति तथा माघी पर्वले देशभर धार्मिक आस्था, सांस्कृतिक गौरव र सामाजिक सद्भाव झल्काउँदै उल्लासपूर्ण वातावरण सिर्जना गरेको छ ।

- **राष्ट्रिय कृषि जैविक विविधता दिवस**

माघ १ गते बिहीबार अर्थात मकर सक्रान्तिकै दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले 'राष्ट्रिय कृषि जैविक विविधता दिवस' पनि मनाएको छ । माघे सङ्क्रान्तिमा तरुल, सखरखण्ड र पिँडालु जस्ता कन्दमूलको व्यापक प्रयोग हुने भएकाले यस्ता स्थानीय बालीको संरक्षण र संवर्धन गर्ने उद्देश्यले गत वर्षदेखि यो दिवस मनाउन थालिएको हो । कन्दमूलको प्रयोगलाई केवल चाडपर्वमा मात्र सीमित नराखी यसलाई खाद्य सुरक्षा र जैविक विविधताको महत्वपूर्ण हिस्साका रूपमा विकास गर्नुपर्नेमा मन्त्रालयले जोड दिएको छ ।

# एसबिआई बैंक लुट काण्ड : घरभेटी नै मुख्य योजनाकार




**मधेशदृष्टि**
**सिन्धुली ।**
नेपाल एसबिआई बैंक लुट प्रकरणमा पक्राउ परेका लुटेराहरूले 'घरभेटीकै योजनामा बैंक लुटिएको हो' भन्ने बयान दिएपछि बैंक सञ्चालन भइरहेको घरका घरधनी छविलाल स्याङतान पक्राउ परेका छन् । प्रहरीले उनलाई महोत्तरी जिल्लाबाट नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार बैंक लुटिएकै दिन बिहान स्याङतान 'सवारी चालक अनुमतिपत्र (ड्राइभिङ लाइसेन्स) बनाउने' बहानामा महोत्तरीतर्फ गएको खुलेको छ ।

प्रारम्भिक अनुसन्धान र पक्राउ परेका लुटेराहरूको बयानमा बैंक लुट्ने योजना घरभेटीकै रहेको, लुटिएको रकम भाग लगाउने काम तराई क्षेत्रमा गर्ने सहमति भएको तथा सोही योजनाअनुसार उनी तराई आएको आशय व्यक्त भएपछि थप अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

यसै प्रकरणमा बैंक लुट्न सहयोग गरेको आरोपमा घरधनी स्याङतानसँगै अर्का स्थानीय चतुरमान बज्यु पनि पक्राउ परेका छन् ।

बज्यु घरधनी स्याङतानका साला हुन् । पक्राउ परेका लुटेराहरूले बैंक लुट्ने सम्पूर्ण योजनामा बज्युले आफूहरूलाई सहयोग गरेको बयान दिएका छन् ।

लुटेराहरूको प्रारम्भिक बयान अनुसार बैंक लुट्ने मुख्य योजना घरभेटीकै थियो भने आफूहरूलाई योजनामा प्रयोग गर्ने काम घरभेटीका साला चतुरमान बज्युले गरेको थियो । लुटपछि उनीहरूलाई खोज्ने र व्यवस्थापन गर्ने जिम्मेवारी समेत बज्युले नगरेको भन्ने आशयका बयान प्रहरीसमक्ष दिएका छन् ।

गत पुस २९ गते राति सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका–२, हायुटारमा रहेको नेपाल एसबिआई बैंकमा लुटपाट भएको थियो ।

उक्त घटनामा लुटेराहरूले ३ करोड ११ लाख रुपैयाँ लुटेका थिए । सोमध्ये हालसम्म प्रहरीले करिब २ करोड ६८ लाख रुपैयाँ बराबरको रकम बरामद गरिसकेको छ भने बाँकी रकमको खोजी तथा थप अनुसन्धान कार्य तीव्र रूपमा जारी रहेको जनाएको छ ।

प्रहरीले यस प्रकरणमा संलग्न अन्य व्यक्तिहरूको पहिचान र पक्राउका लागि समेत अनुसन्धानलाई थप व्यापक बनाइएको जानकारी दिएको छ ।

# ७ हजार क्वीन्टल बढि धान खरिद

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको शाखाले यसवर्ष हालसम्म किसानहरुबाट साढे ७ हजार क्विन्टल बढी धान खरिद गरेको छ । वीरगंजस्थित खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले पर्सा, बारा र रौतहटका किसानहरुको धान खरिद गर्दै आइरहेको छ ।

यो वर्ष शाखाले १० हजार क्विन्टल धान खरिदको कोटा पाएकोमा बुधबारसम्म ७ हजार ७ सय क्विन्टल धान खरिद गरिसकेको शाखा प्रमुख पंकज झाले जानकारी दिए ।

यस वर्षदेखि टोकन प्रणालीबाट किसानहरुबाट धान खरिद गर्न थालेको जानकारी गराउँदै झाले हरेक किसानलाई ४० क्विन्टल धान खरिद गर्ने दरले टोकन बाँडिएको बताए ।

अहिलेसम्म किसानलाई वितरण गरिएको २ सय ७५ टोकनमध्ये बुधबारसम्ममा २ सय ४ टोकनबाट धान खरिद भइसकेको उनले जानकारी दिए ।

# गहवामाई मन्दिरमा समरसता उत्सव

**मधेशदृष्टि**
**वीरगंज ।**
मकर संक्रान्ति पर्वका अवसरमा वीरगंजको गहवामाई मन्दिर प्रांगणमा बिहीबार हिन्दु स्वयंसेवक संघ नेपालद्वारा 'समरसता उत्सव' भव्य रूपमा सम्पन्न भएको छ । उत्सवको शुभारम्भ विश्व हिन्दु परिषद् नेपालका विशिष्ट व्यक्तित्वहरूले दीप प्रज्वलन गर्दै गरेका थिए ।

कार्यक्रममा धार्मिक, सांस्कृतिक र सामाजिक एकताको प्रवद्र्धनसँगै आपसी भाइचारा, सद्भाव र समभावलाई मजबुत बनाउने उद्देश्य राखिएको थियो । कार्यक्रममा सहभागीहरूले महाप्रसादका रूपमा खिचडी ग्रहण गरी आपसी आत्मीयता प्रकट गरेका थिए ।

त्यस्तै, परेड, धार्मिक अनुष्ठान, सामूहिक सहभागिता र सांस्कृतिक झल्को प्रस्तुत गरिएको थियो, जसले समरसताको सन्देश फैलाएको आयोजकहरूले बताएका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन